Jana Aakash
National Weekly
www.janaakash.com
# जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ४० २०८२ साल जेठ २० गते मंगलबार (JUN 3, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

## सुदूरपश्चिम सरकारले नीति तथा कार्यक्रम ल्याउँदै




धनगढी- सुदूरपश्चिम प्रदेश सरकारले अगामी आर्थिक वर्ष २०८२र८३ को नीति तथा कार्यक्रम आज ल्याउने भएको छ । अपराह्न चार बजे बस्ने प्रदेश सभाको बैठकमा नीति तथा कार्यक्रम पेश गर्ने कार्यसूची तय भएको छ ।

प्रदेश प्रमुख नजिर मियाँले सरकारको अगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने कार्यसूची निर्धारण भएको प्रदेश सभा सचिवालयले जनाएको छ । प्रदेश सभामा नीति तथा कार्यक्रम पेश हुनुपूर्व मन्त्रिपरिषद् को बैठकले स्वीकृत गर्नुपर्ने प्रावधान छ । » बाकी ६ पृष्ठमा

## चीनबाट फर्किइन् पूर्वराष्ट्रपति भण्डारी

काठमाडौं- पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी चीन भ्रमण पूरा गरी काठमाडौं फर्किएकी छन् ।

यही जेठ १० गते राति एमाले प्रतिनिधि मण्डलको नेतृत्व गर्दै चीन भ्रमणमा गएकी भण्डारी आज बिहान काठमाडौं फर्किएकी हुन् ।

उनले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारहरुलाई संक्षिप्त प्रतिक्रिया दिँदै भ्रमण 'राम्रो' भएको बताइन् ।

भ्रमण टोलीका सदस्य उद्योग, वाणिज्य तथा आपूर्तीमन्त्री दामोदर भण्डारीले नेपालका प्रमुख दलबीच भएको सहकार्यमा चीनले खुशी व्यक्त गरेको बताए । » बाकी ६ पृष्ठमा

# दाङको तामाखानीको उद्धार कस्ले गर्ला ?

■ मोहन कार्की

काठमाडौं- दाङ जिल्लामा गलकोटमा रहेको राङ्खानी तामाखानी नेपालकै २२ ठूला परम्परागत खानीमध्येको एक हो जैमिनी नगरपालिका-१० रङ्खानी । तामाको धाउ निकालिएका दर्जनौं सुरुङ रहेको राङ्खानी क्षेत्र उत्खननको पर्खाइमा रहेको छ । केही सुरुङमार्ग संरक्षणको अभावमा पुरिएका छन् भने पहिरोले क्षतिसमेत पुर्याएको छ ।

तामा निकाल्ने बेलामा त्यस क्षेत्रमा धेरैले ज्यान गुमाएका थिए । पछिल्लो समय यस्तो देख्न पाइएको छैन । किनकी तामा निकाल्न कोही सुरुङमा जानै परको छैन । जैमिनी-१० राङ्खानीका ९५ वर्षीय बमबहादुर श्रीसले घरनजिकैको पाखोबाट आफ्ना बाबुबाजेले तामाको धाउ निकालेको जानकारी दिए । "बाजेले तामाको धाउ निकालेर बिक्री गरेर जीविकोपार्जन गर्नुभएको थियो, पछि तामाको धाउमा कर बढी लगाएपछि खानी बन्द भएको हो", स्थानीय वृद्ध श्रीसले भने, "पाखैभरि तामा खनेका डोबहरू छन्, चारदेखि ५० मिटरसम्मका सुरुङ अझै छन्, हामी सुरुङमा हिँडेका छौं, तर कतिपय सुरुङ मेटिन थालेका छन्, पहिराले पुरिएको अवस्था छ, उत्खननमा सरकारले जोड दिन आवश्यक छ ।"



बागलुङको राङ्खानी क्षेत्रमा तामाखानीका थुप्रै सुरुङका प्वाल छन् । जसमध्ये केही सुरुङका प्वाल मेटिन थालेका छन् । राङ्खानीको डाँडाखानीलगायत क्षेत्रमा एक सय २० वर्षभन्दा अघिसम्म उत्खनन गरिएका तामाखानी यतिबेला पुरिने अवस्थामा पुगेका छन् । राज्यलाई कर तिर्न नसकेका कारण उत्खनन बन्द भएका तामाखानी अझै सञ्चालनमा आउन सकेको छैन ।

तामाखानीबाट राज्यलाई १४ धार्नी कर बुझाउन नसक्दा बन्द भएको स्थानीय बमबहादुर श्रीसले जानकारी दिए । स्रोतको अभावका कारण कर बुझाउन » बाकी ६ पृष्ठमा

## कला र संस्कृति पुर्खाबाट सन्ततिमा हस्तान्तरण गर्दै मध्यपुरका युवाहरु

काठमाडौं- भक्तपुरको मध्यपुर थिमिस्थित पाचो धिमे खलले तीन महिने धिमे बाजा प्रशिक्षण समापन तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ ।

कला, संस्कृति तथा परम्परागत बाजा जगेर्ना र संरक्षण गर्ने उद्देश्यले धिमे बाजा प्रशिक्षण दिइएको आयोजकले दाबी गरेको छ ।

कार्यक्रममा संघीय संसद् अन्तर्गत प्रतिनिधिसभाका सांसद माननीय दुर्लभ थापाले धर्म, संस्कृति र कलालाई संरक्षण गर्ने अभियानमा जुटेका युवाहरुलाई आभार व्यक्त गर्दै आवश्यक ठाउँमा सहयोग गर्ने प्रतिबद्धता जनाए ।

मौलिकता जगेर्ना गर्दै यसतर्फ युवाहरूको आकर्षण अभिवृद्धि हुनु सुखद रहेको माननीय थापाको भनाई थियो । बागमती प्रदेश सरकार सामाजिक विकास कार्यालय ललितपुर भैंसेपाटीको लागत साझेदारीमा खलःले सम्पन्न गरेको धिमे बाजा प्रशिक्षणमा ५३ जना युवायुवतीहरु प्रशिक्षित भएको कार्यक्रम संयोजक सुशन प्रजापतिले जनाए ।



त्यस्तै, मध्यपुर थिमि नगरपालिकाका मेयर सुरेन्द्र श्रेष्ठले नगर क्षेत्रको कला, संस्कृति, बाजागाजा संरक्षणको लागि नगरपालिकाले आवश्यक सहकार्य गर्ने बताए । धिमे बाजा, बांसुरी, नौ बाजा, म्वायलि लगायत लोपोन्मुक बाजा संरक्षण गर्नुपर्नेमा जोड दिंदै धिमे बाजा प्रशिक्षण कार्यक्रम आयोजकलाई धन्यवाद दिए ।

## रास्वपाको निष्कर्ष : गृहमन्त्रीले राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्छ





काठमाडौं- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले भिजिट भिसा प्रकरणमा छानविनका लागि गृहमन्त्री रमेश लेखकले राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्ने अडान नछाड्ने बताएको छ ।

पार्टी कार्यालय बनस्थलीमा सोमबार बसेको रास्वपा संसदीय दलको बैठकले उच्चस्तरीय छानविन आयोगमार्फत गृहमन्त्री लेखकमाथि अनुसन्धान हुनुपर्ने र त्यसअघि राजीनामा दिएर मार्गप्रसस्त गर्नुपर्ने अडान कायमै राख्ने निर्णय गरेको हो ।

गृहमन्त्रीमाथि प्रश्न उठेकाले गृहमन्त्रीले नभइ सरकारको अभिभावकको रुपमा रहेका प्रधानमन्त्री केपी शर्मा ओलीले सदनमा जवाफ दिनुपर्ने बैठकको निष्कर्ष रहेको रास्वपा कार्यवहाक प्रवक्ता मनिष झाले जानकारी दिए ।

भिजिट भिसा प्रकरणमा रास्वपा कुनै एक व्यक्तिको पछि लागेको नभइ समग्र बेतिथिलाई अन्त्य गर्नुपर्छ भन्नेमा जोड दिने उनको भनाइ छ । » बाकी ६ पृष्ठमा



जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ४०, २०८२ साल जेठ २० गते मंगलबार (JUN 3, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

## सम्पादकीय – – – –

### पूर्व राष्ट्रपति भण्डारीले चीन भ्रमणबाट सिक्नुपर्ने पाठ ।

नेपालकी पूर्व राष्ट्रपति विद्यादेवी भण्डारी सातदिने चिन भ्रमण गरी नेपाल फर्केकी छन् । उनलाई चिनिया सरकारले उच्च महत्वका साथ सदभाव भेटघाट दिएको थियो । नेपालवाट गएका पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीको प्रतिनिधि मण्डलाई चिनले विकास गरेका प्राविधिहरु देखाउने देखि विकास गर्न अपनाएका मोडलहरुको वारेमा जानकारी गराएको नेपाल टेलिभिजनले समेत प्रशारण गरेर देखाएको थियो । सँगसँगै नेपाल र चिन बीचमा हुने केही सम्झौताहरु समेत भएको सञ्चार माध्महरुले बताएका छन् ।


नेपालमा कम्युनिष्ट पार्टीको नाममा खोलिएका पार्टीहरुले जातजाती, भाषभाषीको नाममा पहिचान भन्दै एक अर्कालाई लडाएर वा अल्झाउने नीति अवलम्बन गरेर जनता भाडेर आषनो स्वार्थ पुर्ति गर्ने तरिका अपनाउने गरेका छन् ।

छिमेकी चीनमा भने काममा विश्वास गर्ने, जनताको पक्षमा काम गर्ने श्रममा विश्वास गर्ने चलन छ । त्यसैले नेपालवाट चीन भ्रमणमा गएकी पूर्व राष्ट्रपति विद्यादेवी भण्डारीलाई माओको स्टाचुमा माला चढाउन रोवर्डले सहयोग गरिरहेको भिडियो नेपाल टेलिभिजनले प्रशारण गरिरहेको देख्न सकिन्थ्यो ।

चीनका शहरहरुको बनौट र त्याहा औद्योगिक क्षेत्रहरु, शहरको व्यवस्थापनमा चुस्त दुरुस्त बनाई यातायात, फोहोर व्यवस्थापन, नागरिकको सुरक्षा जस्ता अपनाईएका विधिहरु नेपालले देखेर पनि सिक्नुपर्ने हो । देखेर नजानेमा छिमेकी भएको चिनियाहरुले अपनाएका विधिहरु सोधेर वा प्रत्यक्ष सिकेर पनि नेपाललाई त्यसैगरी विकास गर्न थाल्नुपर्ने हो । तर नेपालका उच्च तहमा माध्यम तहमा वा समान्य तहमा जतिपटक चिनको विकास हेर्न नेपालीहरु गएपनि नेपालीको वानी नै बोकेर आउने गरेका छन् । कहिल्यै राम्रो कुराहरु सिकेर नआउने चलन छ ।

त्यसकारण यस पटक पूर्व राष्ट्रपति तथा नेकपा एमालेको स्वर्गीय मदन भण्डारीकी धर्मपत्नी समेत रहेकी विद्यादेवी भण्डारीको भ्रमण टोलीमा रहेका प्रतिनिधिहरुले चिनको विकासवाट सिकेर नेपालको विकासलाई लय लिने सिपहरु सिकेर आउन् ।

# देशको बेरूजु र राज्यकोषको दोहन



**डिल्लीराम मिश्र "कलमजीवी"**

मुलुकमा वित्तीय अपराधले व्यापाकता पाएसँगै मौलाउँदै गएको अवस्थामा सम्पूर्ण राज्यसत्ता एवम् राज्यकोष बिचौलिया दलालहरुकै कब्जामा रहेको तथ्य आम नेपालीमा घाजस्तै छर्लङ्ग भएको छ । नेपाल राष्ट्र बैंकको गभर्नर पदको लागि भएको चलखेल यसको पछिल्लो घटनाक्रम हो । गभर्नर नियुक्तिमा बिचौलिया र भ्रष्ट दलालहरु हाबी हुँदा सरकारकै संरक्षणमा सरकार निरीह बनेको घटना खोज्न टाढा जानुपर्दैन । देशको अर्थतन्त्र पुनः उत्थानको लागि एवम् वित्तीय अपराध नियन्त्रण गर्न अत्यन्त महत्वपूर्ण निकाय नेपाल राष्ट्र बैंकको गभर्नर पदलाई लिलाममा बिक्री गरियो । यो भन्दा दुःखद घटना मुलुकको लागि के हुनसक्छ ? गभर्नर नियुक्तिमा मोटो धनराशि घोटाला भएको तथ्य सार्वजनिक भएको छ ।

गत संसदीय निर्वाचनमा चितवनबाट नराम्रोसँग पराजित डा. विश्वनाथ पौडेललाई नियम, कानुन र मर्यादा मिचेर गभर्नर बनाइयो । नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक गुणाकर भट्टलाई बलिको बोको बनाएर बिचौलियाकै प्रभावमा डा. पौडेललाई गभर्नर बनाइएको हो । केही समयअघि केपी ओलीले उमेर हदसहित गभर्नरको योग्यतासम्बन्धी मापदण्ड नै परिवर्तन गरेका थिए, तर उमेरको हकमा सर्वोच्चले पुनः रोक लगाएको अवस्था हो । योग्यतासम्बन्धी मापदण्ड संशोधनदेखि सर्वोच्चमा रिटसम्मको घटनामा बिचौलियाको प्रभाव रहेको कुरा सांसद गगन थापाले संसद्मा उठाएका थिए । उनले बिचौलियाहरु प्रधानमन्त्रीको बेडरुमसम्म पुगेको तथ्य उद्घाटन गरेका थिए, जुन भ्रष्टाचारको नाङ्गो स्वरुप हो ।

देशका नागरिक बेच्ने कथित गणतन्त्रवादी महाराजाहरु शासक भएपछि मुलुकको हबिगल शृङ्खला यस्तै हुन्छ, जुन अहिले भैरहेको छ । यो पनि भ्रष्टाचारको माध्यमद्वारा राज्यकोषको दोहन गर्ने एउटा अति उत्तम विकल्प हो, जो मुलुकको बेरुजु बढ्नमा उद्यत रहन्छ । यो कस्तो शासन व्यवस्था र यहाँका शासकहरु कस्ता चरित्रका हुन् ? एक वर्षमै एक खर्बको बेरुजु कायम हुनसक्नु पनि भ्रष्टाचारकै उदाहरण हो । आयातीत गणतन्त्र युगमा शासनसत्ता सञ्चालनको क्रममा राज्यकोषको दुरुपयोग गर्ने महाराजाहरु नै देशमा वित्तीय सुशासन स्थापित गर्नुको बदला भ्रष्टाचार र आर्थिक अनियमितामा सक्रिय रहँदा देशको बेरुजु अङ्क कहाली लाग्दोरुपमा मौलाएको छ ।

कुनै पनि सभ्य शासन व्यवस्थाको लागि यो शुभ सङ्केत किमार्थ हुँदै होइन । एक वर्षमै एक खर्ब रुपियाँले बढेको बेरुजु अङ्क राज्यकोष सञ्चालनमा मौलाएको बेथिति यसको एक उदाहरण मात्र हो । जहाँ सरकारी स्तरबाटै आर्थिक अनुशासनको पालना हुँदैन, त्यहाँ बेथितिकै रुपमा बेरुजु बढ्दै जाँदा त्यसले भ्रष्टाचारको स्वरुप लिन पुग्दछ । संघीय र प्रदेश सरकारसँगै स्थानीय तह सबैमा बेरुजुको मापन उकालो लागेको छ । विगत पाँच आवको समयावधिमा देशको बेरुजु बढेर दोब्बरभन्दा बढी भएको छ । आर्थिक वर्ष २०७६/०७७ मा ६ खर्ब ७६ अर्ब ४१ करोड रुपियाँ बेरुजु कायम रहेकोमा आव २०८०/०८१ मा १२ खर्ब ८४ अर्ब २० करोड रुपियाँ पुगेको छ । यस्तै चालू आवको वैशाखसम्म देशको बेरुजु १३ खर्ब रुपियाँ पुगेको छ । बेरुजु बढ्नुको यति ठूलो अङ्कले के सङ्केत गर्दछ भने, राज्यकोष सञ्चालनमा देखिएको चरम बेथिति नै हो । राज्यकोषाट भएका सबै अपारदर्शी खर्चलाई महालेखाले बेरुजु कायम गर्दछ ।

हरेक वर्ष महालेखा परीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष प्रस्तुत गर्दछ । कार्यालयले आफ्नो ६२ औं वार्षिक प्रतिवेदन गत वैशाखमा शीतलनिवासमा पेस गरेअनुसार आव २०८०/०८१ सम्म कारबाही गरी टुङ्गो लगाउनुपर्ने बेरुजु १२ खर्ब ८४ अर्ब २० करोड ८७ लाख पुगेको हो । महालेखाको प्रतिवेदन बुझ्ने क्रममा राष्ट्रपतिबाट प्रत्येक वर्ष सरकारले बेरुजु रकम उठाउनतर्फ सक्रिय रुपमा काम गर्नुपर्‍यो भन्ने सुझाव दिइन्छ, तर सरकार वा प्रधानमन्त्री त्यो सुझावको कुनै मतलब राख्दैनन् । राष्ट्रपतिको सुझावको कुनै औचित्य नै छैन भन्ने सरकारको नकारात्मक दृष्टिकोण हो ।

संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र अन्य संस्था तथा समितितर्फको लेखापरीक्षणबाट कार्यालयले फर्स्योट गर्न बाँकी अद्यावधिक बेरुजु कायम गरेको छ । त्यस्तै लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण जमानत बसी दिएको ऋणको भाका नाघेको सावाँ-ब्याजसमेतको कारबाही गरी टुङ्गो लगाउनुपर्ने रकम ५ खर्ब ५१ अर्ब एक करोड पुगेको छ । यस प्रकारको बेरुजु अङ्कले देशको सुशासनको अवस्था ठीक नभएको र आर्थिक अनुशासनहीनताको चित्र प्रस्तुत गरेको छ । देशमा बेरुजुको सवाल उठिसकेपछि सरकारले त्यसलाई गम्भीर भएर सम्बोधनसँगै समाधान गर्नुपर्दछ । तर सरकारको नेतृत्ववर्ग नै कमिसनमा डुबेर बेरुजु बढाउन र भ्रष्टाचार गर्नेहरुलाई नै प्रोत्साहन दिइरहन्छ । देशको लागि यो विडम्बना हो ।

नेपालको अर्थतन्त्रको इतिहासमै नेपालको संविधान २०७२ जारी भएपछि जति पनि सरकारहरु बने र बनेका छन्, उनीहरुले आर्थिक शोषण, अनियमितता र भ्रष्टाचारको दोहन गर्ने काम आजसम्मको इतिहासमै कहिल्यै पनि भएको थिएन । आर्थिक रुपमा नेपाली जनता यति धेरै निरास कहिल्यै भएका थिएनन् । आव २०८०/०८१ मा संघीय सरकारको मात्रै ३ खर्च ७५ अर्ब ४७.२५ करोड रुपियाँ बेरुजु उठेको छ । यस्तै सोही आवमा प्रदेश सरकार ३० अर्ब ४९.१९ करोड र स्थानीय तहमा २ खर्ब ९ अर्ब २८.९१ करोड रुपियाँ बेरुजु रहेको छ ।


आर्थिक अनुशासनमा रहनुपर्ने अर्थ मन्त्रालयको बेरुजु एकै आवमा ३३ अर्ब ७४ करोड ३७.६ लाख रहेको छ । यसरी हेर्दा एकै आवमा संघ, प्रदेश र स्थानीय तहमा कुल बेरुजु ६ खर्ब १५ अर्ब २५.३५ करोड रुपियाँ पुग्नु अत्यन्त नराम्रो पक्ष हो । यस तथ्यले देश अधोगतिमा रहेको मानक प्रस्तुत गर्दछ । झन्डै १८ खर्बको वार्षिक बजेटमा ६ खर्बभन्दा बढी रुपियाँ बेरुजु कायम हुनुले राज्यकोषको चरमरुपमा दोहन हुँदा यसले भ्रष्टाचारलाई नै मलजल गर्नु हो । यस्तो परिदृश्यमा देशको विकास एवम् नेपाली जनताको जनजीवनको पक्षमा सुधारको कल्पना कसरी गर्ने ? संघीय स्तरका नौवटा मन्त्रालयको बेरुजु अर्बभन्दा माथि रहेको छ भने १३ वटा मन्त्रालयको बेरुजु ३ खर्ब ७५ अर्ब २५.२५ लाख देखिन्छ । महालेखाले बेरुजुलाई विभिन्न स्वरुपमा वर्गीकरण गरेको छ, जस्तै- असुल गर्नुपर्ने, नियमित गर्नु पर्ने र पेश्की शीर्षक रहेका छन् ।

देश र देशवासी नागरिकहरुलाई केही पनि सुविधा दिन नसकेको, तर लुट्न र चुस्न मात्रै उद्यत् आयातीत गणतन्त्रले यस वर्षको गणतन्त्र दिवस मनाउने सन्दर्भमा देशका प्रधानमन्त्री केपी ओलीले हुकुमी शैलीमा दिएको निर्देशन अनुरुप गणतन्त्र मूल समारोह समितिमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन साहलाई नराख्ने भनेका थिए, तर त्यसको जवाफमा बालेन 'भ्रष्टाचारीको नाइके प्रधानमन्त्री केपी ओलीको कार्यक्रममा म गइदिनुपर्ने ?' भनी प्रतिप्रश्न गरेका छन् । मेयर बालेन साहले आफ्नो अनुपस्थितिबारे खुलाएर प्रधानमन्त्री ओलीलाई भ्रष्टाचारी जोगाउने नाइकेको संज्ञा दिँदै उनको भ्रष्ट प्रणालीलाई समर्थन गर्न नसक्ने धारणा सार्वजनिक गरेका हुन् । 'त्यस्तो भ्रष्ट नाइकेको कार्यक्रममा म गइदिनुपर्ने ?' उनको चुनौतीपूर्ण तर्क छ ।

नेपालको निजामती सेवामा रहेर साठीभन्दा बढी सामाजिक संघ-संस्थाहरुमा इमानदारितापूर्वक क्रियाशील रहेका राष्ट्रसेवक एवम् उत्कृष्ट समाजसेवी भीमबहादुर अधिकारी एक योग्य, कुशल, इमानदार र क्षमतावान् राष्ट्रसेवक हुन् । जनतादेखि दरबारसम्म उनको विश्वासले आर्जन गरेको इमानदारिता यतिसम्म थियो कि भीमबहादुर अधिकारी संलग्न रहेका कुनै पनि सामाजिक एवम् अन्य संस्थाहरुमा अडिटिङ नै गर्नुपर्दैन भन्ने मान्यता स्थापित भएको थियो र छ । झन्डै ४७ वर्षसम्म अर्थ मन्त्रालयमा रहेर राष्ट्रको दीर्घसेवा गरेका भीमबहादुर अधिकारीले २०४७ सालमा अर्थ मन्त्रालयको सहसचिव पदबाट अनिवार्य अवकाश लिएका हुन् । अवकाशपछि पनि उनले अर्थ मन्त्रालयमा रही २० वर्षसम्म श्री ५ को सरकारको बेरुजु फर्स्योट आयोगको सदस्यसचिव भएर काम गरेका थिए । उनी सेवाबाट अवकाश लिएपछि पनि अर्थ मन्त्रालयमै करार सेवामा नै रहेका थिए । उनको कार्यकालमा प्रतिवर्ष उत्साहजनकरुपमा बेरुजु असुल हुने वा उठ्ने गर्थ्यो । जुनसुकै अर्थमन्त्री आए पनि उनको करार सेवा अवधि थपिन्थ्यो, तर २०६४ सालमा डा. बाबुराम भट्टराई अर्थमन्त्री भएर आएपछि विनाअध्ययन, विनासुझबुझ आवेशमा आएर भीमबहादुर अधिकारीलाई करार सेवाबाट हटाउने काम भयो । त्यसपछि बेरुजु फर्स्योट गर्ने काम लथालिङ्ग, भताभुङ्ग नै भयो र आज देशको बेरुजु १३ खर्ब रुपियाँभन्दा बढी छ । नेपाल सरकारसँग बेरुजु नियन्त्रण गर्ने कुनै त्यस्तै कार्ययोजना नै छैन ।

तथापि, प्रत्येक वर्ष विकराल बन्दै गएको देशको बेरुजु शृङ्खलाले सरकारी तथा सार्वजनिक ढुकुटी एवम् राज्यकोषबाट त्यसको प्राथमिकता र औचित्य पुष्टि नगरीकन राष्ट्रको सम्पत्ति खर्च गर्ने मनोमानीपूर्ण प्रवृत्तिले गर्दा मुलुकमा वित्तीय अराजकता चुलिएको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७२ अनुसार बेरुजुलाई प्रचलित कानुनबमोजिम कार्यान्वयन गर्नुपर्ने हो, तर यहाँका शासकवर्गबाट मनोमानी एवम् कानुन विपरीत जथाभावी राज्यकोषबाट बजेट वितरण प्रणालीको कारण देश र जनताको विकास अधोगतिमा मुखरित भइरहेको छ ।

# टिकटकमा मानसिक स्वास्थ्यको लागि गाइडेड मेडिटेसन सुविधा




**काठमाडौं-** विश्वव्यापी प्रयोगकर्ताको मानसिक स्वास्थ्यमा सहयोग पुऱ्याउने उद्देश्यले टिकटकले नयाँ गाइडेड मेडिटेसन सुविधा सार्वजनिक गरेको छ ।

यो नयाँ इन-एप टुल प्रयोगकर्ताहरूलाई ध्यान र मानसिक सन्तुलन अभ्यास गर्न सजिलो बनाउने उद्देश्यले ल्याइएको हो। साथै, टिकटकले ४२.३ मिलियनको 'ग्लोबल मेन्टल हेल्थ एजुकेशन फन्ड' समेत घोषणा गरेको छ, जसले विश्वभरका विश्वसनीय संस्थाहरूलाई सहयोग पुऱ्याउनेछ ।

विद्यालय जीवनमा रहेका किशोरकिशोरीदेखि दैनिक जिम्मेवारी सम्हालिरहेका युवापुस्तासम्मका सबै प्रयोगकर्ताले यो नयाँ टुल प्रयोग गरेर सजिलो रूपमा मेडिटेसन गर्न सक्नेछन्।

टिकटकको यो पहल डिजिटल वेलनेस र प्रविधिमार्फत सकारात्मक परिवर्तन ल्याउने प्रतिबद्धताको एक महत्वपूर्ण पाटो हो। 'मेडिटेशन' सुविधा सबै प्रयोगकर्ताका लागि उपलब्ध गराइएको छ।

मीठो निद्रा र मानसिक स्वास्थ्यमा योगदान टिकटकले पहिलेबाट सञ्चालनमा रहेको स्लिप आवर्स फिचरलाई विस्तार गर्दै अब त्यसमा 'मेडिटेसन' सुविधा पनि समावेश गरिएको छ । यस सुविधामार्फत प्रयोगकर्ताहरूलाई राति सुत्नुअघि शान्त र सन्तुलित महसुस गराउने उद्देश्यले गाइडेड मेडिटेसन उपलब्ध गराइएको छ।

अनुसन्धानहरूले मेडिटेसनले निद्राको गुणस्तर सुधार गर्ने देखाएका छन्। त्यसैले अब यो सुविधा सबै उमेरका प्रयोगकर्तालाई उपलब्ध गराइएको छ। १८ वर्ष मुनिका प्रयोगकर्ताहरूका लागि यो सुविधा स्वतः सक्रिय हुन्छ।

राति १० बजेपछि किशोरकिशोरीको फर यु फिडमा मेडिटेसन देखाइन्छ र उनीहरूले अझै स्क्रोल गर्न जारी राखेको खण्डमा मेडिटेसनको दोस्रो स्क्रिन देखिन्छ जसलाई भने सजिलै हटाउन सकिँदैन।

हालसालै गरिएको आन्तरिक परीक्षण अनुसार ९८५ किशोरकिशोरीले यो मेडिटेसन फिचर राख्न रोजेका छन्।

रामेछाप डायरी


# यहि जेठ २३ गते रामेछाप अस्पतालमा वृहत निशुल्क स्वास्थ्य शिविर हुँदै




रामेछाप अस्पतालमा यहि जेठ २३ गते वृहत निशुल्क स्वास्थ्य शिविर संचालन हुने भएको छ । यो शिविरमा विभिन्न रोगहरुसँग सम्बन्धित विशेषज्ञ डाक्टरहरुबाट निशुल्क स्वास्थ्य परीक्षण तथा औषधी वितरण हुनेछ।

रामेछाप नगरपालिका र रामेछाप अस्पतालले एक सूचना जारी गर्दै मौकाको फाइदा उठाउन बिरामीलाई आग्रह गरेको हो । स्वास्थ्य शिविरमा हार्डजोर्नी विशेषज्ञ सेवा,मानसिक स्वास्थ्य विशेषज्ञ सेवा,बाल रोग विशेषज्ञ सेवा,स्त्री तथा प्रसूती रोग विशेषज्ञ सेवा,नाक कान तथा घाँटी रोग विशेषज्ञ सेवा,शल्यक्रिया चिकित्सा विशेषज्ञ सेवा,छाला रोग विशेषज्ञ सेवा प्रदान गरिनेछ।

यसैंगरी श्वासप्रश्वास विशेषज्ञ सेवा,इन्टरनल मेडिसिन विशेषज्ञ सेवा,जनरल मेडिसिन विशेषज्ञ सेवा,आँखा रोग विशेषज्ञ सेवा,फिजियोथेरापी स्वास्थ्य सेवा,फर्मेशी सेवा,ईसिजी सेवा, भिडियो एक्सरे सेवा,फोक्सोको जाँच लगायत विभिन्न सेवाहरु शिविरमा प्रवाह हुनेछ । निजामति कर्मचारी अस्पताल,रामेछाप नगरपालिका र रामेछाप अस्पतालको आयोजनामा शिविर संचालन हुन लागेको हो।




# संगीतकार संघ नेपालको अध्यक्षमा अष्ट लामा, एक मात्र महिला सदस्य बबिना भट्टराई सहित १२ जना निर्विरोध निर्वाचित



काठमाडौं- संगीतकार संघ नेपालको १३ औं वार्षिक साधारणसभा तथा सातौं अधिवेशनबाट अष्ट लामाको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ । चेतन सापकोटाको नेतृत्वमा रहेको संघको कार्यसमितिलाई विदाइ गर्दै संगीतकार लामाको नेतृत्वमा एक जना महिला सदस्य बबिना भट्टराई सहित १२ सदस्यीय नयाँ कार्यसमिति सर्बसम्मत निर्वाचित भएको निर्वाचन समितिका प्रमुख निर्वाचन अधिकृत तेज प्रसाद खरालले जानकारी दिएका छन्।

संगीतकार लामाको अध्यक्षतामा भएको संगीतकार संघ नेपालको वरिष्ठ उपाध्यक्षमा राजेश थापा रहेका छन्। त्यस्तै संघको प्रथम उपाध्यक्षमा शंकर थापा स्माइल, द्वितीय उपाध्यक्षमा राजेन्द्र बजगाईं, महासचिवमा दिनेश वान्तवा राई, सचिव दिपक शर्मा र कोषाध्यक्षमा योगेन्द्र उपाध्याय रहेका छन्।

त्यसैगरी सदस्यहरुमा बबिना भट्टराई, हरि सायमी, कमलीकान्त भेटवाल, तारावीर पाण्डे, अर्जुन कौशल रहेका छन्। संगीतरत्न शम्भूजित बासकोटा संस्थापक अध्यक्ष रहेको यस संघमा लक्ष्मण शेष, शान्तिराम राई, पारस मुकारुङ र चेतन सापकोटा अध्यक्ष भइसकेका छन् । अध्यक्ष लामाले आफु अध्यक्षमा सर्वसहमत चयनभए संगै आफ्ना कार्यकालमा सम्पन्न गर्ने निम्न ८ बुँदे कार्ययोजना सार्वजनिक गरेका छन्।

१ .संस्थाको मुख्य रुपमा कोष अभिवृद्धि गर्ने, त्यसका लागि देउसी, भैलो कार्यक्रम, वार्षिक क्यालेण्डर प्रकाशन, साधारण सदस्यको संख्या थप्दै लगिने तथा साधारण सदस्यलाई आजीवन सदस्यमा रुपान्तरित गर्न प्रोत्साहित गरिने, कोष अभिवृद्धिको उद्देश्य राखि बृहत साँस्कृतिक कार्यक्रमको आयोजना गरिने, प्रायोजन मार्फत कोष निर्माणको कार्यलाई सफल बनाउने आदि।

२. अक्षय कोष निर्माणको लागि सम्वन्धित दाताहरुको पहिचान गरि वातावरण निर्माण गरिदिने तथा उत्प्रेरित समेत गर्ने।

३. वर्षमा कम्तिमा एक पटक कार्यक्रम आयोजना गरि अग्रज संगीत श्रष्टाहरुलाई सम्मान तथा अभिनन्दन गरिनेछ।

४.संगीत कल्याणकारी कोषलाई अझ बढोत्तरी गर्दै संगीतकर्मीहरुको सामाजिक सुरक्षा केन्द्रित कार्यक्रमलाई अघि बढाइनेछ।

५.संगीत रोयल्टी सम्वन्धि कार्यक्रम आयोजना गरि संगीतकर्मी सबैलाई हुने गरि सुसुचित गरिनेछ।

६.आर्थिक पारदिर्शातालाई मूलमन्त्र बनाई आर्थिक कारोवार विनियमावली निर्माण गरि चुस्त दुरुस्त कार्यान्वयन गरिनेछ।

७. परेको बेला गरिने श्रष्टा सहयोगलाई विभेदरहित हुने गरिकन स्पष्ट नियमावली तयार गरि नियम भित्र बसि सहयोग गरिनेछ।

८. नेपाली गीत, संगीतको श्रीवृद्धिको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय, संघ, संस्था सबै संग सम्भावित सहकार्यको विषय पहिचान गरि समन्वयात्मक कार्यक्रम सम्पन्न गर्ने।

उनले आफ्नो कार्यकालमा सम्पन्न गर्ने कार्ययोजना सार्वजनिक गर्दै आफ्नो कार्यकालमा रहेका पदाधिकारीहरुको सहयोग रहने विश्वास व्यक्त गरेका छन् । संस्थाको १३ सदस्यीय कार्यसमितिमा एक जना सदस्य नवगठित कार्य समितिले चयन गर्ने बरिष्ठ उपाध्यक्ष राजेश थापाले बताए । सर्वसम्मत वाह् जनाको कार्यसमितिमा संगीतकार बबिना भट्टराई एक मात्र महिला सदस्य निर्वाचित भएकी छिन् । संगीतकार भट्टराई विगत १६ वर्ष देखि गायनको साथसाथै संगीतकारको भूमिकामा समेत नेपाली गीत, संगीत, भक्ति संगीतमा सक्रिय रहेकी छिन्।

बबिना भट्टराई नेपाली संगीत क्षेत्रको इतिहासमा नै लमजुङका चारुकार लक्ष्मी प्रसाद मिश्रको शब्द रहेको पहिलो 'चारु' मा संगीत तथा स्वर दिएर नेपाली चारु गायन तथा संगीतमा आँफूलाई पहिलो 'चारु' गायिका तथा संगीतकारको रुपमा स्थापित गरेकी संगीतकर्मी हुन् । कार्यसमितिमा निर्विरोध निर्वाचित भए संगै आफ्नो पदीय जिम्मेवारी र दायित्वलाई गम्भीर भएर पूरा गर्ने उनले बताएकी छिन्।

नवगठित कार्यसमितिलाई जेठ १८ गते एक कार्यक्रम आयोजना गरि पदभार हस्तान्तरण गर्ने निवर्तमान अध्यक्ष चेतन सापकोटाले जानकारी दिए।

# परम्परागत सीपमा आधारित युवा सञ्जालको अध्यक्षमा राज कार्की निर्वाचित

काठमाडौं - नेपाल सरकारको राष्ट्रिय युवा परिषद अन्तर्गतको परम्परागत सीपमा आधारित युवा सञ्जालको अध्यक्षमा राज कार्की निर्वाचित भएका छन्। अबको दुई वर्ष कार्कीको कार्यकाल रहनेछ।

शुक्रबार सानोठिमीस्थित राष्ट्रिय युवा परिषदको कार्यालयमा आयोजित एक कार्यक्रममा युवा सञ्जालको नयाँ कार्यसमिति छनौट भएको हो।

नयाँ कार्य समितिमा अध्यक्ष कार्की, उपाध्यक्षमा प्रकाश परियार, महिला उपाध्यक्षमा हेमा मल्ल, सचिवमा अनिल नेपाली, सहसचिवमा उमा मिश्र, कोषाध्यक्षमा अमित कुमार दास, सह कोषाध्यक्षमा बिक्रम लकान्द्री सहित १६ जना सदस्यमा छनौट भएका छन्। सदस्यहरूमा लक्ष्मी खड्का, विवेचना अधिकारी, शर्मिला चक्रधर, ज्ञानी लाखे, विप्लव खतिवडा, प्रेम कार्की, देउरूपा थापा, पार्वती जोशी र पार्वति भट्टराई छनौट भएका छन्।

युवा सञ्जालमा छनौट हुने सबैलाई शुभकामना दिदै राष्ट्रिय युवा परिषदमा उपाध्यक्ष सुरेन्द्र बस्नेतले सीपमा आधारित व्यवसायमा संलग्न सबैलाई एकजुट भएर आफ्नो क्षेत्रमा सक्रिय भएर लाग्न प्रेरित गरे। देशभरिका युवालाई उद्धमशिलतामा लाग्दै सम्बृद्धि र देश विकासमा लाग्न आव्हान गरे।

नव निर्वाचित अध्यक्ष कार्कीले परम्परागत व्यवसायलाई आधुनिकरण गर्दै सरकारसँग पहुँच पुर्याउन गर्नु भएको सहकार्यप्रति आभार व्यक्त गर्दै युवा परिषदका उपाध्यक्ष बस्नेतलाई आभार व्यक्त गरे।

उक्त कार्यक्रममा राष्ट्रिय युवा परिषदका प्रशासकीय प्रमुख गेहनाथ गौतम, शाखा अधिकृत रमेश कुमार भट्टराई लगायतको उपस्थिति रहेको थियो।

# दिपाश्री निरौलाले गरिन् ब्यूटी सैलुनको उद्घाटन

दिपाश्री निरौलाले काठमाडौंको चाबहिलमा "डि लवन्डिसु युनिसेक्स पार्लरको ओपनिङ गरेकी हुन्। चावहिलस्थित स्तुपाको अपोजिट रहेको सैलुनको मेन ब्रान्च भरतपुर चितवनमा रहेको छ।

हेयर एक्सटेन्सनका लागि चर्चित रहेको यो पार्लर काठमाडौंमा पनि हेयर एक्सटेन्सन बुकिङ धेरै आएको कारण यहाँका ग्राहकका लागि सहज सुविधा मिलोस भनेर खोलिएको संचालिका इन्द्रा श्रेष्ठले जानकारी दिइन्।

हेयर एक्सटेन्सनले कपाल नहुने अथवा छोटो हुने धेरैलाई सहज बनाएको देखेपछि झन् बढी यो काममा उर्जा मिलेको संचालिका श्रेष्ठले बताइन्। त्यस्तै क्यान्सर पिडितहरूका लागि ५० प्रतिशत छुटमा सेवा प्रदान गरिरहेको समेत उनले बताइन् । क्यान्सर



पिडितलाई कसैले डोनेट गरेको हेयरलाई यो सुविधा सहित एक्सटेन्सन गरिरहेको उनले बताएकी छन्।

काठमाडौंमा भर्खरै खुलेको शाखामा हेयर एक्सटेन्सनको साथमा हेयर कलर, ल्यासेस, नेलको सर्विससँगै मेकअपको सेवा पनि लिन सकिनेछ । सौन्दर्य क्षेत्रमा चितवनमा सफलता हासिल गरिसकेकी श्रेष्ठलाई दीपाले सफलताको शुभकामना दिइन्।

# सहुलिय कृषि कर्जाका लागि बैक्तहरुले सहजीकरण गर्ने



काठमाडौं- कृषक तथा उद्यमीहरुलाई सहुलियतपूर्ण कर्जा प्रवाहका लागि स्याङ्जामा रहेका बैंकहरुले सहजीकरण गर्ने भएका छन् ।

कृषकहरुले सहजरुपमा कृषि कर्जा नपाएको गुनासो गरे पछि बैङ्कहरुले सहजीकरण गर्ने र कर्जा उपलब्ध गराउने प्रतिबद्धता जनाएका हुन् ।

वालिङ र गल्याङ नगरपालिका तथा कालीगण्डकी गाउँपालिकाका जनप्रतिनिधि तथा कृषकहरुसँगको छलफल पछि बैङ्का प्रतिनिधिहरुले यस्तो प्रतिबद्धता जनाएका हुन् ।

वालिङमा भएको कार्यक्रममा गरिमा बिकास बैङ्का क्षेत्रिय प्रमुख लेखनाथ भट्टराईले सहज रुपमा कर्जा पाउने तरिकाका बारेमा कृषकहरुमा जानकारी कम रहेको बताउनु भयो । उहाँले भन्नुभयो,"ऋण बारेको जानकारी अभाव भएका कारण कृषकलाई कुरा बुझाउनै सकिएको छैन ।" वित्तिय साक्षरता दिनका लागि पालिकाहरुसँग सहकार्य गर्ने उहाँको भनाई छ ।

कृषि विकास बैङ्क वालिङका प्रमुख यमप्रसाद आचार्यले वास्तविक कृषकलाई ऋण प्रवाह गर्न आफूहरु प्रतिबद्ध रहेको बताउनु भयो । बैङ्को कुल लगानीको २५ प्रतिशत कर्जा कृषिमा लगानी गरिदै आएको उहाँको भनाई छ ।

नेपाल बैङ्क वालिङका प्रमुख दर्शना भट्टराईले ऋण एक शिर्षकमा लिने र खर्च अर्को शिर्षकमा गर्ने क्रम बढेको बताउनु भयो । उहाँले भन्नुभयो,"ऋण लिएर कृषि कर्म गर्नहरुको लागि हामीले सहयोग गर्छौं ।"

कार्यक्रममा वालिङ नगरपालिकाका उपप्रमुख कविता तिवारी गैह्रे, गल्याङ नगरपालिकाका उपप्रमुख हेमा न्यौपाने र कालीगण्डकी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत पर्शुराम उपाध्यायले कृषकहरुका लागि सहुलियत कर्जा प्रदान गर्न पालिकाले सहकार्य गर्ने जानकारी गराउनु भयो । सस्तो ब्याज दर र बिना धितो थोरै कर्जाले ठूलो काम हुने भन्दै उहाँहरुले बैङ्कहरुले सहयोग गर्नु पर्नेमा जोड दिनुभयो ।

वालिङका उपप्रमुख तिवारीले एनएम्बी खेती कर्जा अन्तर्गत बिना धितो रु २ लाख सम्म कर्जा प्रवाह गर्न सुरु गरिएको जानकारी दिनुभयो । बिना धितो गाउँगाउँमा प्रवाह गरिने कर्जाले उत्पादन बढाउन सहयोग पुग्ने उहाँको भनाई छ ।

वालिङ र गल्याङ नगरपालिका तथा कालीगण्डकी गाउँपालिकामा हेफर प्रोजेक्ट नेपालको सहकार्यमा सञ्चालन भईरहेका कृषि विकास परियोजनामा आवद्ध चार हजार ९९ कृषक परिवारलाई सहुलियत कर्जा प्रवाहका लागि छलफल गरिएको हेफर प्रोजेक्ट नेपालका क्षेत्रिय प्रवन्धक प्रेम साम्वयुले जानकारी दिनु भयो । गाउँगाउँमा रहेका कृषकहरुलाई सहज रुपमा कृषि कर्जा उपलब्ध गराउने कार्यक्रमको योजना रहेको उहाँको भनाई छ ।

कार्यक्रममा वाणिज्य बैङ्क वालिङका प्रमुख लिला गुरुङ,मुक्तिनाथ विकास बैङ्क वालिङका प्रमुख नविन काफ्ले,लक्ष्मी बैङ्क वालिङका प्रमुख मणिप्रसाद वस्याल, एनएम्बी खेती कर्जाका सुरज सुवेदी र सुरज गुरुङ, हेफर प्रोजेक्टका वरिष्ठ कार्यक्रम अधिकृत विष्णु प्रसाद पाण्डे, वित्तिय अधिकृत नगेन्द्र भट्ट लगायतले सहज तथा सहुलियत कर्जा प्रवाह र परिचालनका बारेमा जानकारी गराउनु भएको थियो ।

# कर्णाली डेभलपमेन्ट बैंकका संस्थापक अध्यक्ष पक्राउ




काठमाडौं- कर्णाली डेभलपमेन्ट बैंकका संस्थापक अध्यक्ष तथा पूर्व प्रमुख कार्यकारी अधिकृत (सीईओ) राजेन्द्र वीर राय पक्राउ परेका छन् ।

सल्यान घर भएका ६५ वर्षीय रायलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले शनिबार रुपन्देहीको बेलहियाबाट पक्राउ गरेको हो ।

उनीमाथि बैंकमा अध्यक्ष तथा सीईओ भई २ अर्ब ५० करोड रुपैयाँ भन्दा बढी रकम हिनामिना गरी फरार भएको आरोप लगाइएको छ । उनीमाथि बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गतको कसुरमा नेपाल राष्ट्र बैंकको समन्वयमा अनुसन्धान भइरहेको ब्युरोले जनाएको छ ।

# अन्तर्राष्ट्रिय हवाई भाडामा भ्याट नहटाइएकामा नाट्टा असन्तुष्ट

काठमाडौं- हवाई टिकटमा मूल्य अभिवृद्धि कर (भ्याट) नहटाइएकामा नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले असन्तुष्टि जनाएको छ ।

नाट्टाले शुक्रबार प्रेस विज्ञप्ति जारी गरी अन्तर्राष्ट्रिय हवाई भाडामा भ्याट नहटाइएकामा असन्तुष्टि जनाएको हो । भ्याटलाई निरन्तरता दिंदा त्यसले पर्यटकको संख्या बढाउन सहयोग नपुग्ने नाट्टाको भनाइ छ ।

'अन्तर्राष्ट्रिय हवाई भाडादरमा भ्याट जस्ता जटिल र प्रतिकूल व्यवस्थालाई निरन्तर बेवास्ता गरिएको छ । यसपालिको बजेटमा पनि भ्याट कायम राखिएकोमा पर्यटन सम्बद्ध सरोकारवाला स्तब्ध बनेका छन्,' विज्ञप्तिमा भनिएको छ, 'बजेटमा पर्यटन क्षेत्रका विभिन्न पक्षमा सकारात्मक व्यवस्था ल्याइए पनि भ्याटका कारण पर्यटकको संख्या नै बढाउन नसकेको अवस्थामा अर्थ हुने छैन ।'




तत्कालीन अर्थमन्त्री डा. प्रकाशशरण महतले दुई वर्षअघि अन्तर्राष्ट्रिय हवाई भाडामा भ्याट लगाएका थिए । भ्याटका कारण हवाई भाडा महँगो हुँदा पर्यटकहरु नेपाल आउनुको साटो अन्यत्रै जान थालेको व्यवसायीहरुको भनाइ छ ।

# कुमारी बैंकको एटीएम तथा पीओएसमा मास्टर कार्ड प्रयोग गर्न सकिने

काठमाडौं- कुमारी बैंक लिमिटेडले आफ्नो एटीएम तथा पीओएस (पोइन्ट अफ सेल) टर्मिनलहरूमा मास्टर कार्ड स्वीकार गर्ने भएको छ ।

डिजिटल भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्दै ग्राहकहरुलाई थप सहज, सुरक्षित र आधुनिक बैंकिङ्को अनुभव उपलब्ध गराउने लक्ष्यका साथ, यो सुविधा नेपाल भर कुमारी बैंकका सम्पूर्ण एटीएम तथा पीओएस टर्मिनलहरूमा उपलब्ध हुनेछ ।

यो सुविधाबाट मास्टर कार्ड प्रयोगकर्ताहरूले कुमारी बैंकको एटीएम मार्फत रकम झिक्न र पीओएस टर्मिनल मार्फत खरिद भुक्तानी गर्न सहज हुने साथै यसले व्यापारीहरुलाई पनि लाभ हुने विश्वास बैंकले लिएको छ ।

बैंकले आफ्नो सेवाको दायरालाई बिस्तार गर्दै, डिजिटल नेपालको अभियानमा विद्युतीय कारोबार मार्फत थप योगदान पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेको छ ।

विगत २४ वर्ष देखि निरन्तर बैंकिङ्ग सेवा दिँदै आएको कुमारी बैंकले अनवरत रुपमा विद्युतीय कारोबार मार्फत बैंकिङ सेवालाई बढी प्राथमिकता दिई आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१८ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५४ शाखा रहित बैंकिङ्ग ईकाईहरु मार्फत




आफ्ना ग्राहकवर्गलाई सहज, सुरक्षित, अत्याधुनिक तथा प्रभावकारी सेवाहरु प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरुमा पनि विद्युतीय कारोबारलाई प्राथमिकता दिई अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निम्ति सहकार्यहरु गर्दै जाने समेत प्रतिबद्धता जनाएको छ ।

# नेपाल बैंकका कर्मचारी र ग्राहकलाई शिक्षण अस्पतालमा विशेष छुट

काठमाडौं- नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरु र बैंकमा खाता रहेका ग्राहकहरूलाई ज्वक अस्पतालद्वारा सञ्चालित भक्तपुरको गट्ठाघर स्थित नागरिक सामुदायिक शिक्षण अस्पतालमा उपचार गर्दा लाग्ने शुल्कमा विशेष छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ ।

सो सम्झौता बमोजिम नेपाल बैंक लिमिटेडमा कार्यरत कर्मचारीहरू र बैंकमा खाता रहेका ग्राहकहरूलाई नागरिक सामुदायिक शिक्षण अस्पताल र ज्वक अस्पतालको विविध सेवाहरूमा लाग्ने शुल्कहरूमा बिल रकमको ५ प्रतिशत देखि १२ प्रतिशतसम्म छुट हुने व्यवस्था गरिएको छ ।




# पोखरामा पर्यटकीय सवारीसाधन संचालनमा अवरोध गरिएपछि नाट्टाले जनायो असन्तुष्टि

NEPAL ASSOCIATION OF TOUR & TRAVEL AGENTS

काठमाडौं- नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले यातायात व्यवसायीको बन्दप्रति असन्तुष्टि जनाएको छ । यातायात व्यवसायीले पोखरामा आइतबारबाट गरेको हड्तालका कारण सर्वसाधारण मात्र नभई समग्र पर्यटन क्षेत्रमै प्रभाव परेको संघले जनाएको छ ।

संघका अध्यक्ष कुमारमणी थपलियाले प्रमुख पर्यटकीय गन्तव्य पोखरामै पर्यटकलाई सेवा दिंदै आएका सवारीसाधनमा अवरोध सिर्जना हुँदा मुलुककै प्रतिष्ठामा आँच आउने बताए ।

'पोखरामा पर्यटकीय सवारीसाधनलाई स्कटिङ गरेर आउजाउ गराउनुपर्ने भएपछि त राम्रो भएन नि,' उनले भने, 'सर्वसुलभ र इच्छा अनुसारको यातायात सवारी सेवा लिन पाउने अधिकार सबैको छ । तर हरियो प्लेट सवारीसाधन आउजाउमा अवरोध हुनु राम्रो भएन ।'

यस्ता घटनाले नेपाल भ्रमणमा रहेका विदेशी पर्यटकहरूलाई मात्र नभई, आन्तरिक पर्यटकहरूलाई समेत गन्तव्यमा पुग्न असहज भइरहेको उनले जानकारी दिए । यस किसिमको अवरोधले पर्यटक तथा यात्रुहरूमा भय, असुरक्षा र निराशाको भावना उत्पन्न गराएको उनले बताए ।

संघले असहज अवस्था र सवारीसाधन अवरोधको तत्काल समाधान खोज्न नेपाल सरकार, गृह मन्त्रालय, पर्यटन मन्त्रालय, यातायात मन्त्रालय, प्रदेश सरकार, सुरक्षा निकायहरूसँग माग गरेको छ ।

# हेलिकोप्टरका लागि मनसुन मापदण्ड एक सातामै परिवर्तन

काठमाडौं- नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले हेलिकोप्टरका लागि बनाइएको मनसुन मापदण्ड एक सातामै परिवर्तन गरेको छ ।



समुद्री सतहबाट १२ हजार फिट मुनि उचाईमा उडान गर्ने गरी बनाएको मापदण्ड क्यानले उद्दार उडान र स्वास्थ्य सामग्री ढुवानीमा भने लागू नहुने निर्णय गरेको छ ।

यसअघिको मापदण्डमा केरुङ र हिल्साका लागि छुट दिइएको थियो । त्यो छुटलाई लिएर गुनासो आएपछि हेरफेर गरेको क्यानका एक कर्मचारीले बताए ।

'एक साताअघिको मापदण्डमा दुई वटाबाहेक सबै गन्तव्यको उडानमा डुअल पाइलट अनिवार्य थियो,' उनले भने, 'दुईवटा गन्तव्यप्रति लचिलो भएको गुनासो आएपछि हामीले नयाँ सर्कुलर जारी गरेका हौं ।'

केरुङ र हिल्सा दुवै गन्तव्य समुद्र सतहदेखि १० हजार फिट कम उचाईमा छन् । तैपनि यी गन्तव्यमा उडानका लागि दुई पाइलट नचाहिने मापदण्डलाई लिएर गुनासो आएको थियो । त्यही कारण क्यानले यी दुई गन्तव्यको नाम नै सर्कुलर बाट हटाएको छ ।

नयाँ सर्कुलर अनुसार मनसुन सिजनमा समुद्र सतहदेखि १२ हजार फिटसम्मका सबै गन्तव्यमा उडान गर्ने हेलिकप्टरलाई दुई पाइलट अनिवार्य गरिएको छ ।

# खेलकुद

## नेपाल हेरिटेज रन जेठ २४ मा




काठमाडौ – यही जेठ २४ गते नेपाल हेरिटेज रन हुने भएको छ । ललितपुर र काठमाडौंको सम्पदालाई जोड्ने गरी उक्त रन गरिने आयोजक रेस नेपालले जनाएको छ ।

२५ किमि दूरीमा दौडको रुट रहनेछ । दशरथ रंगशालाबाट सुरु हुने दौडले पाटन दरबार स्क्वायर, पशुपति क्षेत्र गौशाला, वसन्तपुर दरबार स्क्वायर, स्वयम्भूजस्ता सम्पदालाई फन्को मार्ने सहआयोजक नेपाल एथलेटिक्स परिवारका राजन खत्रीले जानकारी गराए । २५ किमिसँगै विद्यालयस्तरीय र भेट्रानको ५ किमि दौड पनि हुनेछ । तीनै विधाका विजेताले नगद पुरस्कार पाउनेछन् ।

२५ किमिका महिला र पुरुष विजेताले एक लाख, दोस्रोले ५० हजार र तेस्रोले २५ हजार पाउनेछन् । दसौं स्थानसम्मका विजेताले नगद पुरस्कार पाउने रेस नेपालका टीएस ठकुरीले बताए । ५ किमिमा हुने दुवै इभेन्टका विजेताले १०, दोस्रोले ६, तेस्रोले ३ हजार तथा चौथोदेखि दसौंसम्मले १-१ हजार पाउनेछन् ।

हेरिटेज रनभन्दा अगाडि विश्व रनिङको साझा संस्था एसोसिएसन अफ इन्टरनेसनल म्याराथन एन्ड डिस्टेन्स रेस (एम्स) को बोर्ड बैठक र रनिङ कन्फ्रेन्स हुने जानकारी गराइएको छ । बैठकमा दुई दर्जनभन्दा बढी देशका प्रतिनिधि आउनेछन् ।

## मैत्रीपूर्ण खेलमा थाइल्यान्डसँग नेपाल पराजित

काठमाडौं- नेपाली महिला राष्ट्रिय फुटबल टिम मैत्रीपूर्ण अन्तर्राष्ट्रिय खेलमा सोमबार थाइल्यान्डसँग २-० ले पराजित भएको छ । पथुम थानीको धम्मासत रंगशालामा भएको खेलमा थाइल्यान्डले दुवै गोल दोस्रो हाफमा गरेको थियो ।

गोलरहित पहिलो हाफपछि थाइल्यान्डका लागि ५९ औं मिनेटमा चात्चावान रोडथोङले पहिलो गोल गरिन् । यो फ्रि-किकबाट सम्भव गोल रह्यो । त्यसपछि ७४ औं मिनेटमा पिचायतिदा मानेवाङको पासमा जिरापोर्ण मोंगकोल्दीले दोस्रो गोल थपिन् ।

यसै खेलबाट नेपालका लागि मनमाया दमाइले डेब्यु गरिन् । नेपाल यसअघि बन्द




रंगशालामा भएको खेलमा थाइल्यान्डसँग १-० ले पराजित भएको थियो । नेपाल एसिया कप छनोटको तयारीका लागि थाइल्यान्ड भ्रमणमा निस्केको हो ।

# गलेश्वर आश्रमको शतवार्षिकी समारोह सम्पन्न




तनहुँ- पवित्र तिर्थस्थल देवघाटधाममा रहेको गलेश्वर आश्रमको शतवार्षिकी समारोह बुधवार भव्यताका साथ सम्पन्न भएको छ ।

आश्रमका पीठाधीश अनन्तश्री विभूषित महामण्डलेशवर स्वामी आत्मानन्द गिरिजी महाराजको सभापतित्वमा सम्पन्न समारोहको प्रमुख अतिथि नेपाल सन्त समाजका अध्यक्ष एवं हरिहर सन्न्यास आश्रमका पीठाधीश परमपूज्य श्री १००८ स्वामी ज्ञानानन्द सरस्वती महाराज हुनुहुन्थ्यो ।

समारोहमा पूर्वउपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ विशिष्ट अतिथिको रुपमा सहभागी हुनुहुन्थ्यो । त्यसैगरी प्रतिनिधिसभाका सांसद शंकर भण्डारी, भरतपुर महानगरपालिकाका मेयर रेनु दाहाल, देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापा, नेपाल संस्कृति विश्वविद्यालयका कुलसचिव प्रा माधव अधिकारी, चितवनका प्रमुख जिल्ला अधिकारी प्रकाश पौडल र तनहुँका प्रमुख जिल्ला अधिकारी रामकृष्ण अधिकारीलगायत विशिष्ट व्यक्तित्वहरु समारोहमा अतिथिको रुपमा सहभागी हुनुहुन्थ्यो ।

समारोहलाई सम्बोधन गर्दै पूर्वउपप्रधानमन्त्री श्रेष्ठले आश्रमले सञ्चालन गरिरहेका कार्यहरुको प्रसंसा गर्नुभयो । ती कार्यले चितवन र तनहुँको पर्यटन प्रवर्द्धनमा समेत महत्वपूर्ण भूमिका खेलिरहेको उहाँले बताउनुभयो ।

गलेश्वर आश्रमको स्थापना अष्टाङ्ग योगसिद्ध योगीराज ईश्वरानन्द ब्रह्मचारी (गलेश्वर बाबा)ले गर्नुभएको हो । आश्रमले पवित्र देवघाटधाममा वेद-वेदाङ्ग विद्यालय, यहाँ बसोबास गर्ने साधक सन्त-तिर्थालुका लागि भोजन र बसोबास सहज बनाउने हेतुले अन्न क्षेत्र र घरबारविहीन तथा परिवारबाट परित्यक्त वृद्ध-वृद्धाको कल्याणलाई ध्यानमा राखी सहज एवं सुन्दर कल्पवास निर्माण गरी सञ्चालन गरिरहेको छ ।

आश्रमले देवघाटधाममा बसोबास गर्ने साधक एवं वृद्धवृद्धाको स्वास्थ्य उपचारको लागि धर्मार्थ अस्पताल र एक हजार हाराहारीलाई बास बस्न पुग्ने अतिथिगृह पनि सञ्चालन गरिरहेको छ । अतिथिगृहमा निःशुल्क भोजन र बसोबाको सुविधा छ ।

अस्पतालले बिरामीलाई स्वास्थ्य जाँच र औषधि निःशुल्क उपलब्ध गराउँदै आएको छ । आश्रमले तिथिअनुसारका धार्मिक अनुष्ठान तथा अन्य धार्मिक क्रियाकलापहरु नियमित रुपमा सञ्चालन गर्दै आएको छ ।

# बागमतीको अर्थ र भौतिक मन्त्रालयमा सर्वसाधारणलाई भेटघाटमा रोक




हेटौंडा- बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयले योजना माग्न आउने सर्वसाधारणलाई भेटघाटमा रोक लगाएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले मूल गेटमै ब्यानर टाँगेर सर्वासाधारणको भेटघाटमा रोक लगाएको छ ।

योजना लिएर मन्त्रालयको गेटमा पुगेका सर्वसधारणलाई सोधपुछ गरेर मात्रै भित्र प्रवेश दिइएको छ । मन्त्रालयले बजेट तर्जुमा सम्बन्धी काम भइरहेकोले १७ जेठदेखि अर्को सूचना नभएसम्म सर्वसाधारणको भेटघाट बन्द गरेको ब्यानरमा उल्लेख छ ।

मन्त्रालयका प्रवक्ता उपसचिव श्रीकृष्ण आचार्यले बजेट निर्माण धमाधम भइरहेकोले भिडभाडका कारण सर्वसाधारणको भेटघाट बन्द गरिएको जानकारी दिए । आर्थिक मामिला मन्त्रालयमा विगतदेखि नै सर्वसाधारणलाई भेटघाटमा रोक लगाएर काम हुँदै आएको उनले बताए ।

'विगतदेखि नै यसरी नै काम भइरहेको छ । नत्र त काम गर्नै सकिँदैन', आचार्यले भने । भौतिक पूर्वाधार विकास मन्त्रालयमा मन्त्री अमनकुमार मास्केको सचिवालयमा सूचना टाँस गरेर सर्वसाधारणको योजना माग फारम दर्ता नहुने उल्लेख छ । मन्त्री मास्के पनि मन्त्रालयमा छैनन् ।

'मन्त्रीज्यूलाई सम्बोधन गरि प्राप्त हुने योजना तथा कार्यक्रम माग सम्बन्धी पत्र तथा निवेदन १४ जेठदेखि सचिवालयमा दर्ता बन्द गरिएको आदेशानुसार अनुरोध गर्दछु ।' निजी सचिव शिवराम बोहराको हस्ताक्षरित सूचना भनिएको छ ।


मन्त्रालयका सचिव अमृत श्रेष्ठले मन्त्रीको सचिवालयमा मात्र सर्वसाधारणको माग पत्र तथा निवेदन दर्ता नभएको तर कार्यालयमा काम भइरहेको दाबी गरे । 'त्यो मन्त्रीज्युको सचिवालयको कुरा हो । मन्त्रालयमा त्यस्तो हुँदैन । कार्यालयले त १०-५ मा जहिले पनि गर्छ', सचिव श्रेष्ठले भने ।

भौतिक पूर्वाधार विकास मन्त्रालय बागमतीको सबैभन्दा ठूलो बजेट हिस्साको मन्त्रालय हो । सर्वसाधारणको भौतिक पूर्वाधारसँग सम्बन्धित धेरै योजना हुने भएकाले भिड लाग्ने गरेको छ । मन्त्रालयहरुको सूचनाले सिन्धुपाल्चोक, दोलखा, धादिङ, रसुवा, रामेछापलगायतका विकट जिल्लाहरुबाट आएका सर्वसाधारणलाई निराश बनाएको छ ।

बागमती सरकारले १४ जेठमा नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेको छ । १ असारमा आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट ल्याउने तयारीमा मन्त्रालयहरु छन् । गत आव २०८१/८२ को भन्दा ४ अर्ब कम अर्थात ६० अर्ब हाराहारीको बजेट ल्याउने तयारी भइरहेको छ ।

आर्थिक मामिला मन्त्रालयले यसअघि बागमतीका मन्त्रालयहरुमा ५५ अर्बको सिलिङ तोकिएको थियो । सिलिङ बढाउनुपर्ने मन्त्रीहरुको दबाबका कारण बजेट बढ्ने एक मन्त्रीले जानकारी दिए ।

# ओलीले पोस्टर सार्वजनिक गर्दै भने- म झोले हो




काठमाडौं- प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सामाजिक सञ्जाल फेसबुकमा आफू झोले भएको पोस्टर पोष्ट गरेका छन् ।

दुई हात जोडेको तस्वीर राखेर ओलीले झोले भएको लेखेका छन् । 'म झोले हो । एउटा सामन्ती परिवारको दास बन्नु भन्दा देशमा परिवर्तन र विकासको झोला बोकेर हिँड्नु कयौं गुणा उत्तम चरित्र हो', पोस्टरमा लेखिएको छ ।

पोस्टर बाहेक पनि स्टाटस लेखिएको छ । जहाँ ओलीले झोले आरोपबाट नडराउन कार्यकर्तालाई प्रोत्साहन गरेका छन् । 'सामाजिक सञ्जालमा झोले भनेर खेदियो भन्दैमा सत्य अँगाल्न नछोडौं । सामुहिक र संगठित आक्रमणबाट हरेकले आफ्नो निजत्व जोगाउन पर्छ', ओलीले लेखेका छन् ।

केही दिन अगाडि सार्वजनिक भाषण मार्फत् पनि आफू झोलेको भएको बताएका थिए । आजै प्रधानमन्त्री ओलीका राजनीतिक सल्लाहकार विष्णु रिमालले पनि 'म झोले हो' लेखिएको पोस्टर सामाजिक सन्जालमा सार्वजनिक गरेका छन् ।

# गृहमन्त्रीलाई दोषी भनेका छैनौं, छानबिनका लागि राजीनामा गर्नुपर्छ : माओवादी केन्द्र

काठमाडौं- प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले भिजिट भिसा प्रकरणमा गृहमन्त्री रमेश लेखकलाई दोषी करार नगरिएको बताउँदै छानबिनका लागि राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्ने बताएको छ ।

सोमबार बसेको पार्टीको संसदीय दलको बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन अनन्तले यस्तो बताएका हुन् ।

'छानबिन माग गरेको हो । गृहमन्त्री दोषी कसैले भनेको छैन,' पार्टीको तर्फबाट धारणा राख्ने क्रममा उनले भने, 'तर छानबिन अगाडि उहाँले राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्छ भन्ने निर्णय भएको छ ।'

कर्मचारीको अस्वाभाविक सरुवा लगायतका प्रक्रियाले पनि गृहमन्त्री लेखकलाई विवादमा तानेको उनले बताए ।

'गृहमन्त्रीले पठाएको बदनाम सहसचिव त्यहाँ जाने, अख्तियारले छापा मार्न लागेपछि फिर्ता बोलाउने, उहाँकै सचिवालयका मान्छे यस्तै केसमा परेकाहरू हुने, फेरि सरुवा गर्ने जस्ता अस्वभाविक प्रक्रियाहरुले उहाँलाई पनि यो विवादमा तानेको छ,' उनले भने ।

# पठाओ र इन्ड्राइभले भने- भाडा बढाएका छैनौं, अफलाइन राइडबाट जोगिनू

काठमाडौं- नेपालमा सञ्चालित अनलाइन राइड सेयरिङ कम्पनीहरूले यातायात व्यवसायीहरूले गरेको आन्दोलनलाई लक्षित गरेर भाडादर नबढाएको दाबी गरेका छन् ।

राइड सेयरिङ कम्पनीहरू 'पठाओ' र इन्ड्राइभले छुट्टाछुट्टै विज्ञप्ति जारी गर्दै भाडा बढाएको हल्लामा सत्यता नभएको बताएका छन् ।

'हामीले नियमित शुल्क मात्रै लिएको छौं, तसर्थ पठाओ एपमा कुनै पनि शुल्क वृद्धि छैन,' पठाओले विज्ञप्ती जारी गर्दै भनेको छ, 'बरु यात्रुहरूलाई परेको असहज परिस्थितिमा सहजीकरण गर्न हामीले राइडरहरूलाई कम्पनीको तर्फबाट क्वेस्ट र इन्सेन्टिभ दिएर राइडरहरूलाई धेरै राइड गर्न प्रोत्साहन गरिरहेका छौं ।'

पठाओले अफलाइन यात्रा नगर्न समेत यात्रुहरूलाई आग्रह गरेको छ ।

'अफलाइन यात्रा गर्दा विभिन्न व्यक्ति ठगी, डकैती, दुर्व्यवहारमा परेको घटना यस अगाडि पनी आउने गरेकै छ,' विज्ञप्तिमा भनिएको छ, 'अफलाइन यात्रा गर्दा सो को रेकर्ड सिस्टममा नहुने, बिमा नहुने र विभिन्न प्रकारका अपराधिक घटनाको जोखिम हुने भएकाले मोबाइल एपबाट मात्रै राइड लिन हामी अनुरोध गर्दछौं ।'

त्यस्तै, इन्ड्राइभ नेपालकी निर्देशक रिता पोखरेलले भाडा बढेको हल्ला सत्य नभएको बताइन् ।

'भाडा बढेको भन्ने हल्ला सत्य होइन । एपमा देखाइने भाडा सूरुको भएपनि अन्तिम भाडा यात्रु र चालकबीचको सहमतिमा तय हुन्छ, जसले यात्रुलाई बजेटअनुसार सेवा खोज्न र चालकलाई समय, ट्राफिक, दूरी अनुसार भाडा छनोट गर्न स्वतन्त्रता दिन्छ,' उनले भनिन् ।

यात्रूहरुको लागि सहजीकरण गर्न उच्च माग भएको बेला कार चालकहरूका लागि शून्य प्रतिशत कमिसन योजना र मोटरसाइकल चालकहरूलाई बोनस दिइने व्यवस्था गरेको समेत पोखरेलले अनलाइनखबरलाई जानकारी दिइन् ।

# यातायात बन्द गराएको आरोपमा १४ जना पक्राउ



काठमाडौं- यातायात व्यवसायीको आन्दोलनका क्रममा सडकमा हडताल गर्न निस्किएको आरोपमा प्रहरीले १४ जनालाई पक्राउ गरेको छ।

केन्द्रीय प्रहरी प्रवक्ता एसएसपी रमेश थापाका अनुसार, काठमाडौंबाट १२ र पूर्वी नवलपरासीमा २ जना पक्राउ परेका छन्। 'उनीहरूविरुद्ध काठमाडौं र पूर्वी नवलपरासीको जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धान भइरहेको छ', थापाले अनलाइनखबरसँग भने।

यातायात व्यवसायीहरूले गण्डकी प्रदेश सरकारले ल्याएको राइड सेयरिङसम्बन्धी नियमावलीको विरोध गर्दै सार्वजनिक यातायात बन्द गराएका हुन्। सोमबारका लागि नवराज सुवेदी नेतृत्वको राजावादी समूहले पनि बन्द गर्ने घोषणा गरेको थियो।

तर, आइतबार बेलुकी नै पक्राउ परेका नेताहरू कमल थापा, दिपक सिंह लगायत छुटेका थिए भने राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपाले बन्दमा आफूहरूको समर्थन नभएको बताएको थियो।

# सार्वजनिक यातायात ठप्प पारिएको प्रति मानव अधिकार आयोगको ध्यानाकर्षण

काठमाडौं- राष्ट्रिय मानव अधिकार आयोगले सार्वजनिक यातायात व्यवसायीले सेवा ठप्प पारेको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। गण्डकी प्रदेश सरकारले नियमावली बनाएर राइड सेयरिङलाई मान्यता दिएपछि यातायात व्यवसायीले सोमबारदेखि सेवा ठप्प पारेकोप्रति आयोगले ध्यानाकर्षण भएको जनाएको हो।

यातायात बन्द गर्दा सर्वसाधारणमा भोग्नु परेको समस्याप्रति आयोगले चिन्ता व्यक्त गर्दै यसबारे सरोकारवाला पक्षसँग जानकारी लिइरहेको जनाएको छ। सोमबार एक विज्ञप्ति जारी गर्दै आयोगले भनेको छ, 'आम नागरिकको अधिकारमा पर्नजाने असरप्रति संवेदनशील हुँदै यातायात जस्तो अत्यावश्यकीय सेवा बन्द नगर्न, आवागमनलाई सुचारु गर्न एवं आफ्ना विरोधका कार्यक्रम सञ्चालन वैकल्पिक उपायहरुको अवलम्बन गर्न आयोग




यातायात व्यवसायीहरुलाई आग्रह गर्दछ।'

यस्तै कानुन निर्माण गर्दा सरोकारवाला पक्षसँग पनि पर्याप्त छलफल गर्न र पेशा व्यवसाय सञ्चालनमा देखिएका समस्या वार्तामार्फत समाधान गर्न आयोगले सरकारको समेत ध्यानाकर्षण गराएको छ।

# सशस्त्र प्रहरीको हेडक्वार्टर पुगेर गृहमन्त्रीले लिए विपद् पूर्वतयारीबारे बिफ्रिङ



काठमाडौं- गृहमन्त्री रमेश लेखकले सशस्त्र प्रहरी बलको प्रधान कार्यालय, हल्चोक पुगेर विपद् व्यवस्थापनको पूर्वतयारीबारे ब्रिफिङ लिएका छन्।

अन्य वर्षभन्दा एक साताअघि मनसुन भित्रिएका बेला उत्पन्न हुनसक्ने परिस्थितिलाई ध्यानमा राखेर गृहमन्त्री लेखक हल्चोक पुगेको मन्त्रालयका शान्ति, सुरक्षा महाशाखा प्रमुख सहसचिव रामचन्द्र तिवारीले बताए।

'त्यहाँ सातै प्रदेशमा रहनु भएको सशस्त्र प्रहरीका बाहिनीपतिज्यूहरु समेत आ-आफ्नो क्षेत्रको अवस्थाबारे ब्रिफिङ गर्नुभयो', उनले भने।

सशस्त्र प्रहरीका प्रवक्ता कालीदास धौवजीले भने विगतका कमी कमजोरीबारे समेत छलफल गरेर यसपालि कुनै चुक हुन नदिने गरी तयारी गर्ने विषयमा छलफल भएको छ। 'प्रधान कार्यालयको कार्य विभाग अन्तरगत विपद् महाशाखा छ, त्यसबाट पनि प्रस्तुतिकरण भयो', उनले अनलाइनखबरसँग भने।

सशस्त्र प्रहरी प्रधान कार्यालयमा गृहमन्त्री लेखकसहित भएको कार्यक्रममा नेपाल प्रहरीका प्रमुख आईजीपी दिपक थापा पनि थिए। गत वर्ष विपद्का प्रतिकार्यमा काठमाडौं उपत्यकामै समेत गृह प्रशासनको कमजोरी देखिएको थियो।

# गोरखाको अजिरकोटमा स्याउ खेतीको परीक्षण सफल

गोरखा- अजिरकोट गाउँपालिकामा व्यवसायिक स्याउ खेतीको सम्भावना देखिएको छ। पालिकामा गरिएको स्याउ खेतीको परीक्षण सफल भएको अध्यक्ष दिपक देवकोटाले बताए।

'२०७९ मा हामीले परिक्षण स्वरुप करिव तीन हजार विरुवा रोपेका थियौं,' उनले भने, 'अहिले उत्पादन राम्रै देखियो।' फुजी, गोल्डेन डेलिसियस र गाला जातको स्याउ परीक्षण गरिएको उनले जानकारी दिए।

उनका अनुसार वडा नम्वर २ सिरानडाँडामा स्याउ खेतीको परीक्षण गरिएको हो। तीन वटा कृषि फर्म छनोट गरेर ५० प्रतिशत अनुदानमा विरुवा उपलब्ध गराइएको थियो।

'यो ठाउँ करिव २२ सय मिटरको उचाइमा पर्छ, यो उचाइ अनि यहाँको हावापानीमा स्याउ हुन्छ की हुदैन भनेर हामीले प्राविधिकको सल्लाह सुझाव पनि लिएका थियौं, त्यही अनुसार परीक्षण स्वरुप खेती गऱ्यौं, उत्पादन राम्रै देखियो,' उनले भने।

आगामी बर्ष नीति तथा कार्यक्रममै समावेश गरी स्याउ खेतीलाई प्रवर्द्धन गरिने उनले बताए। वडा नम्वर १ र २ मा खेती बिस्तार गरेर स्याउको पकेट क्षेत्र बनाउने योजना समेत रहेको उनले जानकारी दिए। स्याउ खेतीलाई कृषि पर्यटनसँग जोड्ने लक्ष्य समेत रहेको उनको भनाइ छ।

पालिकामा ट्राउट माछा पालन पनि सुरु गरिएको छ। परीक्षण स्वरुप वडा नम्वर २ देउरालीमा ट्राउट माछा पालन सुरु गरिएको पालिकाले जनाएको छ। 'कृषि फर्म मार्फत माछा पालन सुरु गरिएको हो,' पालिका अध्यक्ष देवकोटाले भने, 'पालिकाले त्यसमा ५० प्रतिशत अनुदान दिएको छ।'

अहिले चार हजार भुरा माछा हालिएको छ। क्रमश खिम्पु र वलाङमा पनि ट्राउट माछा पालन विस्तार गरिने पालिकाको योजना छ।

## अन्तराष्ट्रिय

# रूसी सैन्य बेसमा युक्रेनको ड्रोन आक्रमण

काठमाडौं- युक्रेनले आर्कटिक र साइबेरियासहितका चारवटा एयरफिल्डमा रहेका ४१ रुसी सेनाका विमान ध्वस्त पारेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन्। अलजजिराले लामो दूरीमा बम प्रहार गर्न सक्ने सुपरसोनिक टियु-२२एम सहित पूर्व सुचना दिने ए-५० सहितका विमानमाथि युक्रेनले प्रहार गरेको जनाएको छ।

युक्रेनी आक्रमणबारे भने मस्कोले कुनै प्रतिक्रिया जनाएको छैन। अलजजिराले लेखेको छ, 'मस्कोले विमानहरूमा भएको क्षतिबारे कुनै टिप्पणी गरेको छैन, तर उसले ती एयरफिल्डहरू 'युक्रेनी आतङ्कवादी आक्रमण' बाट प्रहारमा परेको पुष्टि गरेको छ।

युक्रेनी सुरक्षा निकायले सार्वजनिक गरेका भिडियोमा केही रुसी विमानहरुमा प्रहार भएको देखिन्छ। बेलायती सञ्चारमाध्यम गार्डियनले रुसभरिका विभिन्न सैन्य विमानस्थलहरूबाट प्राप्त भिडियोहरूमा जलेका विमान र आगोमा डुबेका युद्ध विमान देखिएको तर क्षतिको पूरा विवरण अझै स्पष्ट नभएको उल्लेख गरेको छ। ब्यालिस्टिक र क्रुज मिसाइल प्रक्षेपणमा समेत प्रयोग हुने रुसी बमवर्षक विमानमाथि क्षति पुगेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन्। सीएनएनले भने युक्रेनले रुसका मुख्य वायु सैन्य अड्डामा रहेका ३४ प्रतिशत रणनीतिक क्रुज मिसाइल बोक्ने विमानमा प्रहार गरेको उल्लेख गरेको छ।

सीएनएनले लेखेको छ, 'यो आक्रमणबाट करिब ७ अर्ब अमेरिकी डलर बराबरको क्षति पुग्यो।' सीबीएस न्युजले भने क्षतिसम्बन्धी यो तथ्यांकलाइ स्वतन्त्र रूपमा पुष्टि गर्न नसकिएको लेखेको छ। सैन्य विश्लेषकहरूले युक्रेनको पछिल्लो ड्रोन आक्रमणलाई युद्ध सुरु भएयता कीभबाट भएको सबैभन्दा महत्त्वपूर्ण हमला भनेका छन्। सीबीएस न्युजले युक्रेनी सुरक्षा स्रोतहरू उद्धृत गर्दै अपरेसन 'दि स्पाइडरवेब' अन्तर्गतको आक्रमणमा यस्तो क्षति भएको र यो पूरा गर्न युक्रेनी सेनालाइ डेढ वर्षभन्दा बढी समय लागेको भन्दै लेखेको छ, 'यसलाई राष्ट्रपति भोलोदिमिर जेलेन्स्की स्वयंले प्रत्यक्ष रूपमा हेरेका थिए।' सीबीएस न्युजले उक्त अपरेसनमा ११७ वटा ड्रोन प्रयोग गरिएको जनाएको छ।

युद्धविरामको सम्भावना खोज्न इस्तानबुलमा हुने अर्को चरणको वार्ताका लागि तयारी गरिरहेकै बेला यो आक्रमण भएको हो। झन्डै ३ वर्षको द्वन्द्वपछि रुस र युक्रेनबीच 'फेस टु फेस' वार्ता सुरु भएको छ। तुर्कियेको राजधानी इस्तानबुलमा रुस र युक्रेनका अधिकारीहरू एक चरण शान्ति वार्तामा बसिसकेका छन्।

सन् २०२२ को फेब्रुअरी २४ मा रुसले युक्रेनमाथि आक्रमण सुरु गरेको थियो। त्यसको एक हप्तापछि दुई देशबीच इस्तानबुलमा वार्ता भए पनि युद्ध रोक्न सहमत भएका थिएनन्। रोयटर्सका अनुसार पछिल्लो ३ वर्षमा रुस-युक्रेन युद्धमा हजारौं सेना र सर्वसाधारण मारिएका छन्।

पृष्ठ १ बाट जारी

### दाङको तामाखानी...

नसकेर बन्द भएको आफूले सुनेको उनले बताए। अहिले पनि तामाका अवशेष रहेकाले यहाँको सम्भाव्यता अध्ययन गरेर खानी सञ्चालनमा ल्याउनुपर्ने स्थानीयवासीको माग छ। स्थानीयले खानी सञ्चालनमा ल्याउँदा स्थानीय सरकार र स्थानीयको आयआर्जन बढ्ने बताए।

खानीबाट स्थानीयवासीले आफ्नै सीप र प्रविधिको प्रयोगबाट सानो मात्रामा तामा निकाल्ने गरेकामा पछिल्लो प्रविधिको विकासले ठूलो मात्रमा तामाखानी निकाल्न सकिने स्थानीय लालबहादुर पुनले बताए। यहाँका खानीमा अन्य जिल्लाका मजदुरसमेत आएर काम गर्ने गरेकाले यहाँ ठूलो मात्रमा तामा रहेको अनुमान गरिएको छ।

खानी सञ्चालन र उत्खननको अधिकार स्थानीय सरकारलाई नभएकाले सङ्घीय सरकारले पहलकदमी गर्नुपर्ने वडाध्यक्ष श्रीप्रसाद थापाले बताए। दमेक र राङ्गानी क्षेत्रमा खानीको जैमिनी नगरपालिकाले सम्भाव्यता अध्ययन गरिरहेको उनले बताए। तामा उत्पादनका लागि निकालिएको धाउलाई स्थानीय भाषामा राङ भन्नु चलन भएकाले राङको खानी भएकाले तत्कालीन राजा रजौटाले यस ठाउँको नाम नै राङ्गानी राखिएको भन्ने चलन छ।

तमानखोला गाउँपालिका, बागलुङ नगरपालिका र जैमिनी नगरपालिकाभित्रको खानी उत्खननका लागि सम्भाव्यता अध्ययन गर्न खानी तथा भूगर्भ विभागबाट अनुमतिप्राप्त भए पनि एकिन तथ्याङ्क आउनसकेको छैन। बागलुङ नगरपालिका, जैमिनी नगरपालिका र तमानखोला गाउँपालिकाका विभिन्न ठाउँमा तामाखानी छन्। धातुजन्य खानीसँगै जिल्लामा प्रशस्त मात्रामा ढुङ्गाखानी पनि छन्। ढुङ्गाखानी केही स्थानमा उत्खनन हुने गरे पनि फलाम तथा तामाखानी अहिलेसम्म उत्खनन हुनसकेका छैनन्।

पृष्ठ १ बाट जारी

### सुदूरपश्चिम सरकार...

नीति तथा कार्यक्रममाथि छलफल गरेर पारित गर्न मुख्यमन्त्री कमलबहादुर शाहले बिहीबार मन्त्रिपरिषद्को बैठक बोलाएका थिए। राति ११ बजेसम्म मन्त्रिपरिषद् बैठक चले पनि नीति तथा कार्यक्रमको मस्यौदामा केही कुरा संशोधन गर्नुपर्ने भएकाले स्वीकृत भएको छैन।

मुख्यमन्त्री शाहले नीति तथा कार्यत्रमलाई अन्तिम रुप लिएर प्रदेश सभा बैठक बस्नुअघि मन्त्रिपरिषद् बैठक बोलाएर स्वीकृत गर्ने तयारी गरेका छन्।

पृष्ठ १ बाट जारी

### पूर्वराष्ट्रपति...

चीन भ्रमणका क्रममा पूर्वराष्ट्रपति भण्डारीले उच्चस्तरीय भेटवार्ता गरेकी थिइन्। उनले शनिबार गान्सु प्रदेशमा चिनियाँ उपराष्ट्रपति हान चेङसँग भेटवार्ता गरेकी थिइन्।

चेङ चीन सरकारको दोस्रो बरियता र चिनियाँ कम्युनिष्ट पार्टीको आठौं बरियताका नेता हुन्। चेङले पूर्वराष्ट्रपति भण्डारीसँग भेटवार्ता गर्नुलाई चिनियाँ पक्षबाट यो भ्रमणलाई उच्च महत्व दिएको रूपमा बुझ्नुपर्ने कूटनीतिज्ञहरू बताउँछन्।

त्यसअघि बेइजिङ पुग्नासाथ विद्या भण्डारीले सीपीसीका विदेश विभाग प्रमुख लिउ जियानचाओसँग भेटवार्ता गरेकी थिइन्।

पृष्ठ १ बाट जारी

### रास्वपा...

त्यसअघि सोमबार नै बसेको रास्वपा सचिवालय बैठकले भिजिट भिसा प्रकरणमा सदनमा शसक्त रुपमा प्रस्तुत हुन संसदीय दललाई निर्देशन दिएको थियो।

त्यस्तै सचिवालय बैठकले पार्टीको स्थापना दिवस मनाउनका लागि बिभिन्न कमिटी गठन गरिएको कार्यवहाक प्रवक्ता झाले जानकारी दिए।

# एन आई सी एशिया बैंकको कर्पोरेट कार्यालय कमलादी काठमाडौंमा

काठमाडौं- एन आई सी एशिया बैंक लिमिटेडको कर्पोरेट कार्यालय कमलादी, काठमाडौं-२८ स्थित आफ्नै भवनमा स्थानान्तरण भएको छ।

उक्त नवनिर्मित भवनमा वैदिक सनातन विधिपूर्वक पूजा अर्चना गरि बैंक सञ्चालक समितिका अध्यक्ष तुलसीराम अग्रवालबाट मिति २०८२ ज्येष्ठ १० गते समुद्घाटन सम्पन्न भयो।

उक्त पूजा तथा उद्घाटन समारोहमा बैंक सञ्चालक समितिका सदस्यहरु, प्रमुख कार्यकारी अधिकृत तथा बैंकका उच्चपदस्थ अधिकारीहरुको उपस्थिति रहेको थियो।

नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त गरी यस अघि रहेको थापाथली, काठमाडौं-११ स्थित ट्रेड टावरबाट प्रमुख कार्यकारी अधिकृतको कार्यालय, अन्य कार्यकारी अधिकृतहरुको कार्यालय लगायत विभिन्न विभागहरु आफ्ना सम्पूर्ण सेवा तथा सुविधाहरु कमलादीस्थित कर्पोरेट कार्यालयबाट प्रदान गर्ने गरी कर्पोरेट कार्यालय स्थानान्तरण भएको हो।

कार्यालय स्थानान्तरण भएसँगै आदरणीय ग्राहक महानुभावहरु तथा सरोकारवालाहरुले उक्त स्थानबाट बैंकले प्रदान गर्ने सम्पूर्ण सेवाहरु थप सहजताका साथ प्राप्त गर्नुहुनेछ भन्ने विश्वास बैंकले लिएको छ।

एन आई सी एशिया बैंकले मुलुकभर ३६० शाखा कार्यालयहरू, ६७० एटिएम, ११६ वटा विस्तारित काउन्टर एवं ४२ वटा शाखा रहित शाखा सञ्जाल विस्तार गरेको छ।

साथै, बैंकले वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा समेत आफ्नो सेवा विस्तार गरेको छ।

# फिल्म तथा म्युजिक भिडियो निर्देशक संगीत सागर बुर्जा



काठमाडौं - पछिल्लो समय नेपाली साङ्गीतिक क्षेत्रमा चर्चा बटुल्न सफल निर्देशक तथा कोरियोग्राफर संगीत सागर बुर्जा कलाकारिता क्षेत्रका एक उदारणीय व्यति हुन् उनले निर्देशन गरेका दर्जनौ गीत तथा फिल्महरु निकै लोकप्रियछन् भने उनले निर्देशन गरेका कति गीतले नेपाली सागीतिक क्षेत्रमा इतिहास समेत रचन सफल भएकाछन् ।

संगीत सागर बुर्जा, जसले आफ्नो कोरियोग्राफी र निर्देशनमा विशेष पहिचान बनाएका छन्, अहिले नेपाली म्युजिक इन्डस्ट्रीका सबैले चिन्ने प्रमुख नाम बनाएका छन् ।

सरलाहीमा जन्मेका फिल्म तथा म्युजिक भिडियो निर्देशक संगीत सागर बुर्जा नेपाली कला र साङ्गीतिक जगतका चर्चित र लोकप्रिय निर्देशक तथा कोरियोग्राफरका रूपमा परिचित छन् । उनले नेपाली कलाकारिता क्षेत्रमा आफ्नो छुट्टै पहिचान समेत बनाएका छन् ।

लामो समयदेखि म्युजिक भिडियोमा निर्देशन र कोरियोग्राफी गर्दै आएका बुर्जाले आफ्नो कला यात्रा विभिन्न स्टेज शोबाट सुरु गरेका थिए लामो समय कलाकारिता क्षेत्रको संघर्षपछि उनले सफलता पनि प्राप्त गरे अहिले उनले निर्देशन गरेका , दर्जनौ गीतहरु निकै लोकप्रिय रहेकाछन् ।

सस्तो बजेटमा उच्च गुणस्तरको काम गर्न सक्ने बुर्जा पछिल्लो समयका बहुचर्चित निर्देशकको रुपमा चिनिन्छन् । उनले नेपालका विभिन्न चर्चित कलाकारसँग सहकार्य गर्दै आफ्नो कामलाई अझ भरिपूर्ण बनाएका छन् । यसका साथै, उनी आफू पनि केही म्युजिक भिडियोहरूमा अभिनय गर्दै आफ्नो बहुआयामिक क्षमताको प्रदर्शन गर्दै आएका छन् ।

उनको कलाकारिता यात्रा लामो संघर्ष र कडा मिहिनेतका साथ शुरु भएको थियो । बुर्जाले केवल आफ्नो निर्देशनको माध्यमबाट नै पहिचान बनाएका छैनन्, उनी एक कुशल कोरियोग्राफर पनि हुन् जसले कलाकारहरूको प्रस्तुतीलाई एक नयाँ र आकर्षक रूप दिन सफल भएका छन् ।

उनीसँग काम गरेका धेरै नेपाली कलाकारहरूले उनलाई आफ्नो क्षेत्रका एक प्रेरणास्त्रोतका रूपमा लिन्छन् । बुर्जाले नेपाली म्युजिक उद्योगमा काम गर्ने सबैको पेशागत स्तरलाई माथि पुर्याएका छन् ।

उनको निर्देशन र कोरियोग्राफीले नेपाली म्युजिक उद्योगलाई अमूल्य योग्दान पुऱ्याएको छ । आधुनिक लोक, पअप सबै बिधाका गीतमा काम गर्दे आएका बुर्जाले आफूलाई एक कुशल निर्देशक र कोरियोग्राफरको रूपमा स्थापित गरेका छन् । उनले आफूलाई विभिन्न चुनौतीहरूको सामना गर्दै यो स्थानमा पुर्याएका छन्, र अहिले पनि बेलाबेलामा विभिन्न साङ्गीतिक कार्यक्रममा आफ्नो सिर्जना र प्रदर्शनका लागि देखिन्छन् ।

# 'महाभोज' फिल्मको प्रदर्शन रोकियो किन ?



काठमाडौं- फिल्म "महाभोज" प्रदर्शन तत्काललाई स्थगित गरिएको छ । दिनेश राउत निर्देशित फिल्म जेठ १५ गते (बिहीबार) देखि प्रदर्शनमा आउने तयारीमा थियो ।

देशको विषम परिस्थितिका कारण प्रदर्शन स्थगित गरिएको जनाइएको छ । निर्माता कम्पनी क्लक वर्क क्रियशन प्रा.लि.ले बुधबार एक विज्ञप्ति जारी गर्दै जेठ १५ का लागि तय गरिएको प्रदर्शन स्थगित गरिएको जनाएको हो ।

निर्माता हिमाल कडरियाद्वारा जारी विज्ञप्तिमा भनिएको छ, पछिल्लो समय देशभर फैलिएका विभिन्न आन्दोलन तथा विस्तारित विषम परिस्थितिका कारण आम जनजीवन प्रभावित भइरहेको अवस्थालाई दृष्टिगत गर्दै, फिल्म 'महाभोज' को प्रदर्शन नेपाल तथा नेपाल बाहिरका सबै देशहरूमा हाललाई स्थगित गरिएको जानकारी गराउँदछौं ।

फिल्मप्रति दर्शकहरूले देखाएको उत्साह र समर्थनप्रति आभार प्रकट गर्दै निर्माताले मुलुकको संवेदनशील परिस्थितिमा दर्शकको सुरक्षालाई पहिलो प्राथमिकता दिँदै तत्काललाई प्रदर्शन स्थगित गर्नुपरेको बताएका छन् । अवस्था सामान्य भएपछि नयाँ प्रदर्शन मिति सार्वजनिक गरिने जनाइएको छ ।

महाभोजु सहकारीको रकम अपचलनको कथावस्तुमा निर्माण गरिएको फिल्म हो । फिल्ममा दयाहाङ राई, आर्यन सिग्देल, खगेन्द्र लामिछाने, अञ्जना बराइली, मलिका महत, गौमाया गुरूङ, वसुन्धरा भुसाल, मोहन निरौला लगायतको प्रमुख अभिनय छ ।

# "पिताम्बर" निर्देशकको नयाा फिल्ममा तीन देशका कलाकार हुने

काठमाडौं- गत चैतमा प्रदर्शन भएको 'पिताम्बर' बक्स अफिसमा सफल नभए पनि यसले कृषा चौलागाईँलाई भने एक्सन निर्देशकको रुपमा स्थापित गरायो । ठूला स्टारलाई लिएर ठूलो बजेटमा स्तरीय एक्सन फिल्म बनाएको भन्दै उनको प्रशंसा भएको थियो । यसपछि उनलाई बाहिरी ब्यानरबाट फिल्म निर्देशनको प्रस्ताव आइरहेको छ । यसैबीच, उनले जापान पुगेर नयाँ फिल्म साइन गरेकी छन् ।

अघिल्लो साता एक अवार्डमा सहभागी हुन जापान पुगेको समयमा कृषाले यूएनए प्रोडक्सनको निर्माण रहने फिल्म साइन गरेकी हुन् । यूएनएका प्रमुख तथा जापान वितरक उज्ज्वल गुरागाँई र कृषाबीच कागजी सम्झौता भएको हो । फिल्ममा नेपाल, जापान र फिलिपिन्सका कलाकारको अभिनय रहने जनाइएको छ । त्यसका लागि प्रमुख भूमिकामा एक अभिनेत्रीको टुंगो लागिसकेको छ ।

फिल्मको निर्माणमा यूएनए प्रोडक्सनसँग जापानको एक टिमले पनि सहकार्य गर्नेछ । फिल्मको छायांकन आगामी भदौ महिनाबाट



सुरु हुनेछ । फिल्मलाई नेपाल, जापान र फिलिपिन्समा खिच्ने पक्का भइसकेको निर्माता गुरागाँईले जानकारी दिए । फिल्मको नाम र कलाकारको बारेमा केही दिनमा जानकारी गराइने उनले बताए । उनका अनुसार फिल्ममा नाम चलेका कलाकार हुनेछन् ।

फिल्म निर्देशनका लागि कृषाले ४० लाखमाथि पारिश्रमिक बुझेको चर्चा छ । यद्यपि, यसको स्वतन्त्र पुष्टि भएको छैन । कृषाले 'पिताम्बर'पछि आफू नयाँ फिल्ममा जोडिएको जानकारी दिँदै दर्शकको विश्वासलाई टुट्न नदिने बताएकी छिन् । निर्देशनको हिसाबले उनको यो तेस्रो फिल्म हुनेछ । 'पिताम्बर'अघि उनले 'ऐंचो पैचो'को निर्देशन गरेकी थिइन्, जुन उनको डेब्यु फिल्म थियो ।

# पुजा देवकोटा र महेश सुनामको 'रातमा सपनी' गीत शनिवार सार्वजनिक हुँदै



काठमाडौं- गायक महेश सुनाम र गायिका पूजा देवकोटाको आवाजमा रहेको लोक-आधुनिक गीत "रातमा सपनी" शनिबार (जेष्ठ २४ गते) विनोद कार्की अफिसियल युटुव च्यानलबाट सार्वजनिक हुँदै छ ।

"रातमा सपनी" बोलको गीतमा शब्द सङ्कलन विनोद कार्कीले गरेका छन् भने सुवास खड्काले गरेका संगीतमा चर्चित बाल गायिका पूजा देवकोटा र गायक महेश सुनामको स्वर सुन्न सकिने छ ।

गीतको एरेन्ज रामकृष्ण थापाले गरेका छन् भने राजकुमार गिरीले छायांकन गरेका उक्त गीतको निर्देशन सोहि गीतको शब्द सङ्कलक विनोद कार्कीले नै गरेका छन् ।

गीतको भिडियोमा सञ्जीव मगर, अनिता खड्का, एलिजा कार्की, अनिता पौडेल, अस्मिता रोका, किरण साह, विनोद कार्की लगायतका कलाकारहरूको अभिनय देख्न सकिने भिडियो इनिश बुढाथोकीले सम्पादन गर्ने छन् ।

# विवाद चर्किने डरले फेरियो "जनै हराएको बाहुन"को शीर्षक

काठमाडौं- निर्माण घोषणादेखि नै नामका कारण चर्चामा रहेको फिल्म हो, 'जनै हराएको बाहुन' । नामलाई लिएर हिन्दू धर्मसँग सम्बन्धित केही व्यक्ति र संस्थाले आपत्ति जनाएपछि रिलिजको समयमा विवाद चर्किने डरले अन्ततः फिल्मको शीर्षक परिवर्तन गरिएको छ । निर्माण पक्षले 'बाहुन'को ठाउँमा 'मान्छे' शब्द राखेको छ । अब फिल्मको शीर्षक 'जनै हराएको मान्छेः सम्बन्धका धागाहरु' हुनेछ ।

नयाँ शीर्षकसहित सोमबार अभिनेता विजय बरालको क्यारेक्टर पोस्टर सार्वजनिक गरिएको छ, जसमा उनी रातो सटमा दुईवटा झोला बोकेर घरबाट सहर निस्किन लागेको देखिन्छ । उनको निधारमा रातो टीका छ । उनको निन्याउरो अनुहारले परिवारसँग छुट्नु पर्दाको पीडा बोल्छ । निर्माण पक्षले विजयलाई 'एपिक नेचुरल




स्टार'को ट्याग पनि दिएको छ ।

आगामी भदौ ६ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्ममा विजयसहित केकी अधिकारी, मिरुना मगर, गौरव पहाडी, सुशांक मैनाली र भोलाराज सापकोटा, रियर राई, भावना खपांगी मगर, रुपेश लामा, सुमन थापा लगायतको अभिनय छ । हिमाल न्यौपानेको निर्देशनमा तयार भएको फिल्मका एसोसिएट निर्देशक मनिष राउत हुन् ।

पेपरक्लिपको ब्यानरमा निर्माण भएको फिल्मका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् भने सह-निर्माताामा आरके मानन्धर, रुपेश लामा, सिआर बस्नेत, नारायण तिमिसिना र चुडामणि सिवाकोटी छन् । भानुभक्त ढकालको लेखन रहेको फिल्ममा नवीन गुरुङ डीओपी, कृष्ण परियारको सिनेमेटोग्राफी, थानेश्वर गौतम, अर्जुन पोखरेल, एसडी योगी र प्रशान्त सिवाकोटीको संगीत छ ।

# राजाले पटकपटक धोका दिए, फेरि धोका खाने पक्षमा कांग्रेस छैन

काठमाडौं- नेपाली कांग्रेसका प्रवक्ता डा. प्रकाशशरणले नेपाली कांग्रेस पूर्वराजाबाट फेरि पनि धोका खाने पक्षमा नभएको बताएका छन् ।

सोमबार पार्टी सभापति शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा बसेको पदाधिकारी तथा पूर्वपदाधिकारीहरूको बैठकपछि बोल्दै डा. महतले भने, 'हामीले हिजो संवैधानिक राजा मानेको राजाले पटकपटक धोका दिएको हुनाले अब फेरि पनि धोका खाने पक्षमा कांग्रेस छैन ।'

उनले भोलि फेरि धोका हुँदैन भनेर विश्वास गर्ने ठाउँ नभएको बताए । 'त्यो शंकाको फाइदा दिन सकिंदैन । भोलि फेरि धोका हुँदैन भनेर विश्वास गर्न सकिंदैन,' उनले भने, 'त्यसैले अहिले राजतन्त्र फर्काउने बारेमा त कत्ति पनि कांग्रेस छैन ।'

उनले संविधानमा लेखिएको धर्म, संस्कृति लगायतको संरक्षणका विषयमा कसरी स्वामित्व लिन सकिन्छ भनेर भोलिका दिनमा पार्टीमा छलफल गर्ने बताए ।

उनले राजाको शासनकालमा तत्कालीन गृहमन्त्री कमल थापाले के गर्थे, के बोल्थे भन्ने सम्झन आवश्यक भएको बताए । 'अलि सालअघि राजाको शासनकालमा के थियो भन्ने बारे गृहमन्त्रीको रूपमा त्यसको नेतृत्व गरिर हनुभएको थियो, उहाँका कस्ता कस्ता अभिव्यक्ति



आएका थिए के के बोल्नुहुन्थ्यो ?,' उनले सोधे ।

अहिले सूचना क्रान्ति भएकोले जे कुरा पनि सार्वजनिक हुने भए पनि राजाको शासनकालमा यस्तो सुविधा नभएको डा. महतले स्मरण गरे ।

'अहिले त सामाजिक सञ्जाल, मिडिया र सूचना क्रान्तिको बेलामा हामी छौं । त्यसैले हरेक गतिविधि कर्नर-कर्नर, घरघरबाट हामीले खिचिरहेका हुन्छौं,' उनले भने, उहाँ (कमल थापा) को त्यो हाइलाइट भयो, हिजो त त्यो थाहा पनि पाइँदैन थियो कसलाई मार्‍यो, पिट्यो, थिच्यो, किच्यो, थुन्यो, बेपत्ता भयो पनि थाहा हुँदैनथ्यो । त्यसैले उहाँहरूले हामीलाई पाठ सिकाउन मिल्दैन ।'

उनले राजाको शासनमा यसरी प्रदर्शन गर्न नपाउने अवस्था रहेको स्मरण गर्दै अहिले त्यस्तो अवस्था नरहेको बताए ।

डा. महतले राजावादीहरूले संविधानको विरुद्धमा कुरा गर्दा पनि सरकारले मर्यादित भएर काम गरिरहेको बताए ।

# नोटमा पृथ्वीनारायण शाह र बुद्धको फोटो राखौं : एमाले सांसद थापा

काठमाडौं- नेकपा एमाले सांसद सुर्यबहादुर थापाले नेपाली नोटहरुमा पृथ्वीनारायण शाह र गौतम बुद्धको तस्वीर राख्न गभर्नरलाई सुझाव दिएका छन् । यसो भए नेपाली नोटको महत्व बढ्ने उनको भनाइ छ ।

सोमबार अर्थ समितिको बैठकमा बोल्दै थापाले राष्ट्र एकीकरण गर्नेको तस्वीर नोटमा हुनुपर्ने धारणा राखे । आफू राजावादी नभएको प्रष्टीकरण दिँदै थापाले भने, 'म गणतन्त्रवादी हो । गणतन्त्र ल्याउन लडेकै हो तर पृथ्वीनरायण शाहको फोटो नोटमा राख्नुपर्छ । नेपालको एकीकरण गर्ने पृथ्वीनरायण शाहको फोटो राखे नोटको इज्जत समेत बढ्छ ।'

उनले नेपाली नोटमा शान्तिका दूत गौतम बुद्धको फोटो समेत राख्नुपर्ने बताए । बैठकमा नवनियुक्त गभर्नर विश्वनाथ पौडेलसमेत सहभागी छन् ।

जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ४०, २०८२ साल जेठ २० गते मंगलबार (JUN 3, 2025)

# यामाहा नेपालले ल्यायो MT–१५ भर्सन २ किन्ने देशभरका ग्राहकका लागि विशेष राइडिङ ज्याकेट अफर




काठमाडौं- यामाहा नेपालले MT–१५ भर्सन २ चाहनेहरूलाई लक्षित गर्दै एक विशेष लिमिटेड टाइम अफर सार्वजनिक गरेको छ ।

अबदेखि नयाँ MT–१५ भर्सन २ को खरिदमा प्रत्येक ग्राहकले उपहारस्वरूप एक प्रिमियम राइडिङ ज्याकेट पाउनेछन् । जेठ १८ गतेदेखि सुरु भएको यो अफर नेपालभरिका सबै अधिकृत यामाहा शोरूमहरूमा उपलब्ध हुनेछ ।

नगद वा सजिलो किस्ताबन्दी योजनामा बाइक किन्ने प्रत्येक नेपाली ग्राहकले 'कवच' ब्रान्डसँगको सहकार्यमा तयार गरिएको गुणस्तरीय र प्रिमियम राइडिङ ज्याकेट प्राप्त गर्नेछन् ।

अत्याधुनिक डिजाइन, टिकाउपन र सुरक्षालाई ध्यानमा राखेर निर्माण गरिएको यो ज्याकेट केवल फेसनका लागि मात्र नभई सुरक्षित र आत्मविश्वासका साथ यात्रा गर्नका लागि एक महत्वपूर्ण कदम हो ।

यो अफर विशेष रूपमा MT–१५ V२ का निलो र सेतो रंगहरूमा मात्र लागू हुनेछ । यसबारे बोल्दै एमएडब्ल्यु राइड्सका कार्यकारी निर्देशक तथा सीईओ दीपक कुमार अग्रवालले भने, "MT–१५ ख्मचकष्यल २ स्टाइल, पावर र प्रिसिजन प्रतीक हो जुन गुणहरू नयाँ पुस्ताका नेपाली राइडरहरूसँग मेल खान्छ । यो अभियानमार्फत हामी उनीहरूको राइड अनुभवलाई सुरक्षा र स्टाइलको संयोजनद्वारा अझ माथि लैजान चाहन्छौं ।

यामाहा एक प्रविधिमैत्री ब्रान्ड हो र एमएडब्ल्यू राइड्स पनि आफ्ना उत्पादन, जनशक्ति र राइडर कम्युनिटीमा लगानी गर्न प्रतिबद्ध छ ।" एमएडब्ल्यू राइड्स अन्तर्गत सञ्चालित यामाहा नेपाल नेपालकै भरोसायोग्य र उन्नत प्रविधियुक्त दुईपांग्रे ब्रान्ड हो ।

जापानी इन्जिनियरिङको उत्कृष्टता, भरपर्दो प्रदर्शन र प्रयोगकर्ता केन्द्रित इनोभेसनका आधारमा नेपालको मोटरसाइकल क्षेत्रलाई निरन्तर नेतृत्व गर्दै अगाडि बढाइरहेको छ ।

# हिमालय रोडिज सिजन ७ 'हेल अर हेभन' को स्पोन्सर यामाहा

काठमाडौं- यामाहा नेपालले नेपालको चर्चित रियालिटी शो हिमालय रोडिजको सातौं सिजनका लागि पुनः टाइटल स्पोन्सरको रूपमा सहभागी हुने घोषणा गरेको छ । यस पटकको सिजन "हेल अर हेभन" भन्ने रोमाञ्चक थिमसहित फर्किएको छ । यो यामाहा नेपालको शोको लागि अटल समर्थनको लगातार छैटौं वर्ष हो, जसले नेपालको साहसिक र युवा संचालित भावनासँगको गहिरो सम्बन्धलाई राखेको छ ।




हिमालय टिभीमा साप्ताहिक रूपमा प्रशारण हुने हिमालय रोडिज अन्तर्राष्ट्रिय शो एम.टी.भी.रोडिजबाट प्रेरित नेपालकै सबैभन्दा लोकप्रिय रियालिटी शो हो । कठोर चुनौती, अप्रत्याशित मोडहरू र सशक्त स्टोरीटेलिंगले भरिएको यो शोले प्रतियोगीहरूलाई नेपालको असभ्य र सुन्दर भौगोलिक परिवेशमा लगेर शारीरिक र मानसिक रूपमा परीक्षा लिन्छ ।

पर्फर्मेन्स, स्टायल र एडभेन्चरसँग पहिचान जोडिएको ब्रान्डको रूपमा यामाहा नेपालले सधैं युवा यात्रुहरूलाई प्रेरित गर्दै आएको छ । MT–१५ V२ र FZ–S V३ जस्ता सडकमा राज गर्ने बाइकदेखि ट्र्याकबाट प्रेरित R१५ V४, रगेद बाइक WR १५५R, स्पोर्टी ब्भचयह १५५ र इन्धन खपतमा उत्कृष्ट RayZR १२५FI Hybrid सम्मका मोडेलहरूले यामाहालाई आधुनिक यात्रुहरूको रोजाइमा राखेका छन् ।

एमएडब्ल्यू राइड्सका कार्यकारी निर्देशक तथा सीईओ दीपक कुमार अग्रवालले भने, "यामाहा र रोडिजको साझा डीएनए छ - दुबै सीमाहरू पार गर्ने, साहसी जोखिम लिने र आफ्नै बाटो रोज्ने बारेमा हुन् । यस सिजनको "हेल अर हेभन" थिमले हामीले जीवन र यात्रा दुवै ठाउँमा गर्ने छनोटहरूलाई झल्काउँछ । हामी एकपटक फेरि यो प्रेरणादायी सहकार्यमा आबद्ध हुन पाउँदा गर्व गर्दछौं ।"

एमएडब्ल्यू अन्तर्गत सञ्चालनमा रहेको यामाहा नेपाल मुलुकको सबैभन्दा भरपर्दो दुई-पाङ्गे सवारी ब्रान्डहरूमध्ये एक हो । प्रविधिमा नवीनता, इन्जिनियरिङ सटीकता र उत्कृष्ट आफ्टर सेल्स सर्भिसको इतिहास भएको यामाहा नेपालमा अझ सुरक्षित, सशक्त र रोमाञ्चक राइडिङ संस्कृतिको निर्माणमा हरदम समर्पित रहन्छ ।

# नामी र सेरेसले बजेट घोषणा अघि नेपालभर सुरू गर्‍यो 'इज अन वालेट'

काठमाडौं- एमएडब्ल्यू वृद्धि मोटर्सले डोङफेङ नामी र सेरेसका लागि इज अन वालेट को घोषणा गरेको छ । जेठ ११ देखि जेठ १५ गतेसम्म बजेट घोषणा अगाडी चल्ने यो अफरमा ग्राहकहरूले नामी र सेरेस उत्कृष्ट मूल्यमा पाउन्नेछन ।

यो अफर नेपालभरका सबै नामी र सेरेस शोरूमहरूमा सञ्चालन भइरहेको छ, जसमा ग्राहकहरूलाई नयाँ ईभी मोडलहरू अनुभव गर्ने, विशेष अफर र सुविधाहरूको लाभ लिने, र इलेक्ट्रिकमा स्विच गर्न अझ सजिलो बनाउनेछ ।

यो सीमित अवधिको अफरको लाभ लिने ग्राहकहरूले आफ्नो अनुभवलाई अझ उत्कृष्ट बनाउन डिजाइन गरिएका विशेष सुविधाहरूको प्राप्त गर्नेछन् । यसमा चार्जिंगका लागि ७ पध + ३.५ पध चार्जर, एक वर्षको अटो-प्लस बीमा, र एक वर्षको सवारी कर समावेश छन् ।




थप रूपमा, ग्राहकहरूले निःशुल्क एसेसरीज , प्रत्येक टेस्ट ड्राइभमा विशेष उपहार, र हरेक बुकिङमा माउन्टेन फ्लाईट प्राप्त गर्नेछन् ।

उत्साह थप्दै, चार भाग्यशाली ग्राहकहरूले अन्नपूर्ण बेस क्याम्पमा हेलिकप्टर राइड जित्ने अवसर पनि पाउनेछन् । यो अफर सीमित समयको लागि मात्र मान्य छ ।

इच्छुक ग्राहकहरूलाई मूल्य बढ्नु अघि आफ्नो नजिकको नामी र सेरेसको शोरूम वा अधिकृत डिलरमा गई यी विशेष सुविधाहरूको लाभ लिन सक्नेछन् ।

# महिन्द्राका दुईवटा इभी नेपाल भित्रियो



काठमाडौं- महिन्द्राका दुईवटा विद्युतीय गाडी बीई६ र एक्सयुभी ९ नेपाल भित्रिएको छ । महिन्द्रा गाडीको आधिकारिक बिक्रेता अग्नि ग्रुपले सो गाडीहरु केही दिन अगाडि नेपाली बजारमा भित्र्याएको हो ।

कम्पनीले अहिले दुवै इभी गाडी परीक्षण गर्न नेपाल ल्याएको हो । ती गाडीहरु नेपालको विभिन्न टेरेन्टमा परीक्षण भइरहेको कम्पनीले जनाएको छ ।

नेपालको सबै भूगोलमा १० देखि १२ हजार किलोमिटर चलाएर परीक्षण गरेपछि मात्रै गाडीहरु ग्राहकहरुलाई बिक्री गर्ने गरिन्छ ।

कम्पनीले भन्सार प्रयोजनका लागि सार्वजनिक गरेको मूल्य अनुसार बीई६ का दुई र एक्स इभी ९ई का ३ भेरियन्ट नेपाली बजारमा उपलब्ध हुनेछन् । बीई६ का दुई भेरियन्टको मूल्य क्रमशः ७६ लाख ३० हजार र ८३ लाख ८० हजार रुपैयाँ तोकिएको छ ।

त्यसैगरि, एक्स इभी ९ईका तीन भेरियन्टको मूल्य क्रमशः ७७ लाख ६५ हजार, ८७ लाख १५ हजार र १ करोड ७ लाख रुपैयाँ तोकिएको छ । यो मूल्य बिक्रीमा भने थपघट हुन्छ ।

दुवै गाडीमा ९९ किलोवाटको मोटर छ । एक्स इभी ९ईको एउटा भेरिएन्टमा भने १९९ किलोवाटको मोटर छ । कम्पनीले दुवै एसयूभीमा ५९ किलोवाट र ७९ किलोवाटसम्मका ब्याट्री प्याक उपलब्ध गराएको छ ।

# गाडीमा करका दर नफेरिएकामा नाइमा खुशी



काठमाडौं- नेपाल अटोमोबाइल इम्पोर्टर्स एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन (नाइमा) अटोमोबाइल तथा मोबिलिटी क्षेत्रको विकास तथा प्रवर्धनका लागि सकारात्मक प्रबन्ध गरेको भन्दै आगामी आर्थिक वर्षको बजेटको स्वागत गरेको छ ।

नाइमाले शुक्रबार प्रेस विज्ञप्ति जारी गरी सवारी साधनमा करका दर परिवर्तन नगरिएको भन्दै बजेटको स्वागत गरेको हो । नाइमाले बजेटले नीतिगत स्थायित्वको अनुभूति गराएको र लगानी विस्तारका लागि प्रोत्साहित गरेको बताएको छ ।

'प्रत्येक वर्ष बजेटमार्फत सवारी साधनमा आकर्षित हुने करका दर परिवर्तन भई व्यवसायमा कायम रहेको अनिश्चितता र व्यवसाय सञ्चालनमा देखिने गरेको अस्थिरतालाई चिर्दै यसवर्ष अटोमोबाइलमा आकर्षित हुने गरेको करका दर तथा नीति यथावत कायम गरिएबाट व्यवसायीहरुमाझ नीतिगत स्थायित्वको अनुभूति भइ व्यवसाय विस्तार र प्रवर्धनका लागि थप उत्साह सञ्चार भएको छ,' विज्ञप्तिमा भनिएको छ ।

सरकारले इभीमा करका दर यथावत राखेको छ । यस्तै चार्जिङ मेसिन उत्पादन तथा एसेम्बलिङ्ग उद्योगका लागि उपकरणमा १ प्रतिशत मात्र भन्सार महसुल लाग्ने व्यवस्था गरिएको छ । यो व्यवस्थाले स्वदेशमै त्यस्ता मेसिन तथा उपकरण उत्पादन गर्ने उद्योग स्थापना गर्न मद्दत पुग्ने वातावरण तयार भएको नाइमाले बताएको छ ।

सवारी साधनको प्राविधिक अवस्था जाँच गर्ने सवारी फिटनेस केन्द्र स्थापना गर्ने घोषणाको पनि नाइमाले स्वागत गरेको छ ।

हाइब्रिड र प्लगइन हाइब्रिड गाडी प्रवर्धनका लागि भने बजेटले प्रोत्साहन नगरेको नाइमाको गुनासो छ ।

नसर्ने रोगबाट बच्ने उपाय ।

- धुमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाच गराऔं,
स्वस्थ र दीर्घ जीवन बाचौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशकः द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रणः सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार